Vol. 1, Issue 7, May-June, 2014

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष १, अंक ७, जेठ २०७१, मूल्य रू ३०।-



सुन्दरीहरू देश चिनाउन आतुर

समर फेसनको समय

मोतिलालको बढ्दो उत्साह

# विवाहको मौसम

## बाध्यतामा राजेशको बिहे


calvinklein.com
watches
SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg, Kathmandu, Nepal.
Calvin Klein
swiss made


Park Village Resort
Buddhanilkantha
KATHMANDU
Park Village
KGH
HOTELS
Wherever you are, we are always at your service
Kathmandu Guest House, Thamel, 4700632
Park Village Resort, Buddhanilkantha, 4375280
Waterfront Resort, Lake Side, Pokhara, 61466304
Buddha Maya Gardens, Lumbini, 71580220
Maruni Sanctuary Lodge, Chitwan, 56580160
Park Vision Inn, Nagarkot, 06205839
Pokhara View, Pokhara, 61462592
Park Village Features
40 standard rooms, 40 suite rooms
40 deluxe rooms, 18 apartments
7 conference halls, health club,
wellness spa, 7 acres of woodland
with lots of birds and butterflies

Vol. 1, Issue 7, May-June 2014

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष १, अंक ७, जेठ २०७१

## मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : दीपशराज थारू

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
राजीव श्रेष्ठ, अजय देशार

**मार्केटिङ**
बबिता सिंखडा

**लेआउट/ग्राफिक**
श्याम स्याङ्बो

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
फ्रोछें, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्युजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
प्रिजम कलर स्क्यानिङ एण्ड प्रेस
सपोर्ट प्रालि, कुलेश्वर, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१


## ९
### सुन्दरीहरू देश चिनाउन आतुर

हरेक युवतीका लागि मिस नेपाल एउटा सपना बन्ने गरेको छ । मिस नेपालको माध्यमबाट मुलुकलाई विश्वमा चिनाउने चाहना हुने युवतीहरू मिस वर्ल्डमा अघिल्ला मिस नेपालहरूले बनाएको स्थानमा थप नयाँ परिचय र पहुँच दिन उत्साहित हुने गरेका छन् ।







## १२ समर फेसन

फेसन युवायुवतीको उमेरको चाहना र सौख मात्र होइन, सपना पनि हो । त्यसैले त मौसम अनुसार सहर रंगिन र आकर्षक देखिन सुरु भइसकेको छ । गर्मीको पारो उकालो लाग्दै गर्दा, कपडाचाहिँ शरीरबाट ओरालो लाग्छन् । शहरमा देखिन थालेको दृश्य समर चढिसकेको संकेत हो ।

## १६
### फिल्मनगरी बन्दै पोखरा

पोखरा पर्यटनसँगै फिल्मका लागि पनि चर्चित मानिन्छ । वर्षभरि निर्माण हुनेमध्ये आधाजति पोखरामा नै सुटिङ हुन्छ । काठमाडौंपछि फिल्मी गतिविधि बढी हुने शहर पोखरा हो ।





## २२
### चढ्दो उमेर, बढ्दो उत्साह

पारिवारिक परम्परागत सिल्पी कलालाई स्वदेशदेखि विदेशसम्म विस्तार गर्न सफल मोतीलाल विभिन्न स्कुल, संघ-संस्था, धार्मिक विहारलगायतमा संस्थापक बनेर सामाजिक कार्यमा पनि सक्रिय छन् । त्यसैले उनको अर्को परिचय प्रतिष्ठित समाजसेवी पनि बन्न पुगेको छ ।







## ३४ चिनियाँ चपस्टिक्स

अहिले पनि चीनका अधिकांश होटल र रेष्टुरेन्टहरूमा काँटा चम्चा पाइँदैन । होटल र रेष्टुरेन्टदेखि हरेक चिनियाँहरूको घरमा चपस्टिक्स राखिएको हुन्छ । चिनियाँहरूले खानका लागि प्रयोग गर्न चपस्टिक्ससँग लामो चिनियाँ संस्कृति जोडिएको छ ।


Registration number **DAO KTM 216/070/71** | **Hot Nepa**l, a monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# सौन्दर्य प्रतियोगिताको गुणस्तर

सौन्दर्य प्रतियोगितामा विश्व निकै अगाडि बढिसकेपछि मात्र नेपालमा त्यस किसिमका प्रतियोगिता सुरू हुन थाले पनि छोटै समयमा यस क्षेत्रमा ठूलो उपलब्धि हासिल भएको छ । नेपालको सबैभन्दा ठूलो सौन्दर्य प्रतियोगिताका रूपमा मिस नेपाललाई लिइने गरेको छ । तर त्यस अलावा पनि राष्ट्रिय र क्षेत्रीय रूपमा थुप्रै सौन्दर्य प्रतियोगिता हुने गरेको छ । सौन्दर्य प्रतियोगिताको बेला बेलामा विरोध हुने गरे पनि पछिल्लो समयमा त्यस्ता स्वर मत्थर हुन थालेका छन् । सौन्दर्य प्रतियोगिताको नकारात्मक पक्षभन्दा अवश्य पनि सकारात्मक पक्ष नै बढी छन् । यस्ता प्रतियोगिताबाट सहभागीको प्रतिभा प्रस्फुटन हुने मात्र हैन मुलुकको सांस्कृतिक र आर्थिक पक्षलाई सबल पार्नेदेखि मुलुकबाहिर राष्ट्र चिनाउन पनि मद्धत पुगिरहेको हुन्छ । मिस नेपालजस्तो सौन्दर्य प्रतियोगितामा सहभागी हुनु र ताज जित्नु हरेक युवतीको सपना हुने गरेको छ । त्यस्तैमध्येकी एक हुन् पछिल्लो पुस्ताकी हट नायिका निशा अधिकारी । उनका लागि मिस नेपाल अझै सपना बनिरहेको छ । कुनैबेला मिस इन्टरनेशनल नेपाल समेत बनेकी नायिका अधिकारीले केही वर्ष अगाडि मिस नेपाल बन्ने प्रयत्न गरेकी थिइन् तर माओवादी अवरोधका कारण त्यस बेला मिस नेपाल प्रतियोगिता नै भएन । सम्पूर्ण कार्यक्रम तय भइसकेको अवस्थामा कार्यक्रम रद्ध गरिएको थियो । यो वर्ष वैशाख १९ गते आयोजित मिस नेपाल प्रतियोगिता आयोजना हुँदा पनि मिस नेपालमा सहभागी हुन नपाउँदाको पीडा सामाजिक सञ्जाल फेसबुकबाट उनले व्यक्त गरेकी थिइन् ।

मिस नेपालप्रति आकर्षण बढ्नुको पछाडि मिस नेपाल बनेपछि यसबाट पाउने मिडिया कभरेज तथा सामाजिक प्रतिष्ठा नै प्रमुख रहेको छ । हिजोसम्म परिवारमा मात्र सीमित बनेकी बाला एकाएक मुलुकभर सेलिब्रेटी बन्नु चानचुने कुरा होइन । त्यसमाथि, विभिन्न पुरस्कार तथा अवसरले आम ब्युटी कन्टेस्टभन्दा मिस नेपाल फरक र महत्वपूर्ण बनेको छ । त्यसैले पनि मिस नेपाल बन्नको लागि मेहनत र पैसाको खोलो बगाउन सुन्दरीहरूबीच प्रतिस्पर्धा नै चल्ने गरेको छ । दर्जनौं सुन्दरीबीचको कडा प्रतिस्पर्धाबाट नै प्रत्येक वर्ष एक मिस नेपाल छानिने गरिएको छ । दुई दशकदेखि आयोजित मिस नेपालको बीसौं संस्करणबाट यो वर्ष धरानकी सुविन लिम्बु मिस नेपाल बनेकी छन् । विगतमा मिस मंगोलको फस्ट रनरअप बन्दा खासै चर्चामा नआएकी सुविन मिस नेपाल भएयता रातारात सेलिब्रेटी बनेकी छन् । यो उनले पाएको सम्मान तथा अवसर हो । मिस नेपाल हुने सुन्दरीका लागि अनेकन कठिनाइ रहेजस्तै उपाधि जितेपछि पनि अनेकन चुनौती र संघर्ष उनीहरूमा आउने गरेको छ । आयोजकको आदेशमा मिस नेपालको क्राउन अवधिभर बस्नु पर्ने र यस अवधिमा चाहेर पनि बिहे गर्न नपाउने जस्ता सर्तहरु पालना गर्नुपर्ने हुन्छ । यी यावत सर्तबाहेक मुलुकलाई मिस वर्ल्डमा चिनाउन गर्नुपर्ने कठिन संघर्ष फलामे चिउरा चपाउनु जस्तै हुने गरेको छ ।

अघिल्लो वर्षकी मिस नेपाल इशानी श्रेष्ठ मिस वर्ल्डको टप फाइभसम्म पुग्नु नै विश्वस्तरमा सौन्दर्य प्रतियोगितामा नेपालले हासिल गरेको हालसम्मकै ठूलो सफलता मानिएको छ । त्यो रेकर्डलाई यो वर्षकी मिस नेपाल सुविनले ब्रेक गर्ने प्रतिबद्धता जनाएबाट थप आशा गर्न सकिने संकेत प्राप्त भएको छ । अर्कोतर्फ हालसम्म भएका १९ मिस नेपालको गतिविधिलाई फर्केर हेर्दा उनीहरूको मिस नेपालको एक वर्ष क्राउन अवधिबाहेक अरूबेला गुमनामजस्तै बनेको यथार्थले पनि मिस नेपाल केवल एक वर्षको तामझाम मात्र हो कि भन्ने आशंका देखिएको छ । विश्व खेल जगतमा नेपाली खेलाडीले मुलुक चिनाउँदा लाखौंको पुरस्कार तथा जागिरको अवसर प्रदान गर्ने सरकारले अघिल्लो वर्ष मिस नेपाल इशानीले मिस वर्ल्डमा राम्रै स्थान कायम गरेर फर्कंदा सरकारको तर्फबाट औपचारिक रूपमा बधाई समेत व्यक्त नगरिँदा मुलुक चिनाउने मिस नेपालको आत्मबल गिरेको आभास भएको छ । उनीहरूको आत्मबल बढाउन मिस वर्ल्डमा मुलुक चिनाउने मिस नेपाललाई ठूलो रकमको पुरस्कार सरकारले दिन नसके पनि सानो सम्मान त दिन सकिन्छ । यसमा सरकार चुक्नुहुन्न । अर्कोतर्फ मिस नेपाल बनेका युवतीहरु केवल क्राउनमा मात्र सीमित हुनु हुँदैन । केही चलचित्र तथा विज्ञापनमा छाएर हराउनु राम्रो होइन । भोलिका दिनमा मिस नेपालहरु केवल सौन्दर्य विधामा मात्र केन्द्रित नभई मुलुकको समग्र प्रगतिमा केन्द्रित हुनुपर्ने आवश्यकता महसुस गरिएको छ । उनीहरु ग्ल्यामर क्षेत्रमा मात्र सीमित नभई राजनीति, उद्योग-व्यापार, समाजसेवामा समेत सहभागी भएर मुलुक बनाउने कार्यमा पनि लाग्नु आवश्यक छ । तब मात्र मिस नेपाल केवल सौन्दर्य प्रतियोगिता माात्र नभई बौद्धिक उचाइको मापन गर्ने प्रतियोगिता पनि हो भन्ने प्रमाणित हुनेछ । मिस नेपाल जस्ता सौन्दर्य प्रतियोगिताको उपयोगितालाई बुझेर पछिल्ला दिनमा राजनीतिक दलबाट अवरोध हुन छाडेको छ । यो अवसरलाई सकारात्मक रूपमा ग्रहण गरेर सौन्दर्य प्रतियोगिताका आयोजक तथा यसमा सहभागी हुनेहरूले गुणस्तर वृद्धि गर्दै लैजानु आवश्यक छ ।

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

विश्व खेल जगत्मा नेपाली खेलाडीले मुलुक चिनाउँदा लाखौंको पुरस्कार तथा जागिरको अवसर प्रदान गर्ने सरकारले अघिल्लो वर्ष मिस नेपाल इशानीले मिस वर्ल्डमा राम्रै स्थान कायम गरेर फर्कंदा सरकारको तर्फबाट औपचारिक रूपमा बधाई समेत व्यक्त नगरिंदा मुलुक चिनाउने मिस नेपालको आत्मबल गिरेको आभास भएको छ। उनीहरूको आत्मबल बढाउन मिस वर्ल्डमा मुलुक चिनाउने मिस नेपाललाई ठूलो रकमको पुरस्कार सरकारले दिन नसके पनि सानो सम्मान त दिन सकिन्छ। यसमा सरकार चुक्नुहुन्न।

## शालीन अनि सुन्दर

नयाँ वर्षको नयाँ उमंगसँगै प्रकाशित हट नेपालको अंक-६ पनि हेर्ने अवसर पाएँ । मलाई यो अंकको प्रमुख आकर्षण नै कभर लाग्यो । नांगिएर कतिपय स्थानमा प्रस्तुत हुने नायिका मात्र कभर गर्ल हुन्छन् भन्ने मान्यतालाई हट नेपालले दूर गर्ने प्रयास गरेको मैले पाएँ । कभर गर्ल अशिष्मा नकर्मीको शालीन अनि सुन्दर तस्वीर क्लिक गर्ने बरिष्ठ फोटोग्राफर राजभाइ सुवाललाई धन्यवाद दिन चाहन्छु । परिवारमा सबै बसेर हेर्न मिल्ने यस्तै सदावहार तस्वीर आगामी अंकमा पनि राख्न हट नेपाल टीमलाई म आग्रह गर्दछु ।

*- विजय श्रेष्ठ, नैकाप ।*

## डेटिङमा साहित्यिक प्रस्तुति

हट नेपालको नयाँ वर्ष अंकमा नयाँ वर्षमा डेटिङ विषयक सामग्री पढ्दा वास्तविकतालाई साहित्यिक प्रस्तुति दिइएको पाएँ । जसले गर्दा रिपोर्टिङभन्दा साहित्य पढेको जस्तो अनुभव भयो । समाचारमूलक सामग्रीलाई काल्पनिक कथा जस्तो प्रस्तुति हुनु लेखकको कमजोरी हो या सम्पादकको अल्छीपना हो ? त्यो मैले बुझ्न सकिनँ । नाम, दाम अनि पलायनको रिपोर्टिङले तीतो-सत्य ओकलेको पाइएको छ । गहन रिपोर्टिङको लागि रिपोर्टरलाई धन्यवाद ।

*- फाजु बाबा, सीतापाइला ।*

## लुकेको प्रतिभाको सम्मान

नौ लाखा तारा बोलको गीत गाएर नेपाली समसामयिक आकाशमा अम्बर नै बनेका अम्बर गुरूङका पुत्र किशोर गुरूङका बारेमा लुकेका कुरा पढ्न पाइयो । किशोर गुरूङको मुलुकले सम्मान गर्न चुकेको हो कि जस्तो मलाई लाग्यो । यस्ता लुकेका प्रतिभाहरूलाई हट नेपालका हरेक अंकमा प्रकाशन गर्ने जमर्को गर्दै जानु आवश्यक छ ।

*- अर्थमान तामाङ, मच्छेगाउँ ।*




## महँगी नायिकाको यथार्थ

फेसनको मामिलामा महंगी नायिका अशिष्मा नकर्मीको यथार्थ मलाई स्वाभाविक लाग्यो । त्यसमाथि डलरमा कमाइ हुने अमेरिकालाई सदाको लागि छाडेर नेपाल फर्केर नेपाली चलचित्र उद्योगमा रमेकी अशिष्मा भोलिको करिश्मा नहोलिन् भन्न सकिंदैन । अशिष्मा जस्ती नायिकाको मुलुकलाई निकै खाँचो पनि छ । अशिष्मालाई सफलताको लागि मेरो शुभकामना ।

*- निरूका प्रधान, विशालनगर ।*

## चिनियाँ सेलिब्रेटीको आकर्षण

चिनियाँ नायिका गौ लीको अभिनय यात्रालाई हट नेपालको छैटौं अंकमा पस्किएको रहेछ । नेपाली पत्रपत्रिकामा कमै मात्र प्रकाशित हुने छिमेकी मुलुक चीनका कलाकारबारे जानकारी दिइएकोमा धन्यवाद ज्ञापन गर्दछु । चिनियाँ सेलिब्रेटीको बारेमा जान्ने मेरो चाहनालाई हट नेपालले प्रारम्भ अंकदेखि पूरा गर्ने कार्य गरेको छ । त्यसको अलावा हट नेपालको अंक-६ मा हाइटी दरबारको आश्चर्यजनक कुरादेखि चिन्डोभित्र चिनियाँ संस्कृतिजस्ता विदेशी पृष्ठभूमिका सबै लेखले मेरो मन छोयो ।

*- उत्सवी मल्ल, मालेपाटन, पोखरा ।*

## सफल पत्रिकाको सफलता

मनोरञ्जन तथा जीवनशैली मासिक हट नेपालको प्रवेशाङ्कदेखि अंक ६ सम्म नियमित हेर्ने मौका पाइरहेकी छु । समग्रमा यस पत्रिकाको मूल्याङ्कन गर्दा रोचक ढंगबाट प्रस्तुत भएको बेग्लै मासिक पत्रिका भएको देखिएको छ । यस पत्रिकाको अनुकरण केही पत्रिकाहरूले समेत गरेको देख्दा छोटो समयमा नै सफलता पाएको आँकलन गर्न सकिन्छ । यसरी नै यस पत्रिकाले पत्रिकाहरूको भीडमा छुट्टै छवि राखेर अगाडि बढ्ने छ भन्ने मेरो विश्वास र आशा रहेको छ । सफलताको लागि हार्दिक बधाई तथा शुभकामना ।

*- शैली उपाध्याय, लगनखेल, ललितपुर ।*

सल्लाह-सुझावका लागि : hotdreamnepal@gmail.com, facebook.com/pages/Hot-Nepal



## विभिन्न व्यक्तित्व सम्मानित



कला र साहित्य क्षेत्रमा योगदान पुर्‍याएका विभिन्न व्यक्तित्वलाई लूनकरणदास-गंगादेवी चौधरी साहित्यकला मन्दिरले सम्मान गरेको छ । साहित्यकार गीता खत्रीलाई एक लाख रूपैयाँसहितको 'गंगादेवी चौधरी स्मृति सम्मान' प्रदान गरियो भने सडक नाटकमार्फत् समाजमा जनचेतना पुर्‍याउन गरेको योगदानको कदर गर्दै नाटककार अशेष मल्ललाई 'बालकृष्ण सम रंग सम्मान' प्रदान गरिएको छ । त्यस्तै गीत रचनामा गरेको योगदानको कदरस्वरूप 'नारायणगोपाल संगीत सम्मान' गीतकार किरण खरेललाई प्रदान गरियो । वैज्ञानिक सुजाना फोबोलाई 'नेपाल नवप्रतिभा पुरस्कार' वितरण गरियो । यसै गरी सरस्वती सम्मान सिक्किमका कथाकार तथा समालोचक पेम्बा तामाङलाई प्रदान गरियो । मूर्तिकलामा काठमाडौंका रवीन्द्र ज्यापूलाई 'अरनिको ललितकला सम्मान' र दाङका महेश चौधरीलाई 'इतिहास शिरोमणि बाबुराम आचार्य शोध सम्मान' प्रदान गरियो । 'गंगादेवी चौधरी स्मृति सम्मान' बाहेकका सम्मान ५१ हजार रूपैयाँका हुन् । साहित्यकला मन्दिरको २०औं वार्षिकोत्सवका अवसरमा सम्मान प्रदान गरिएको हो । सम्मानित व्यक्तित्वलाई गायक प्रेमध्वज प्रधानले नगद, ताम्रपत्र र माल्यार्पण गरेका थिए भने संस्थाका अध्यक्ष तथा सभापति कवि वसन्त चौधरीले सबैलाई दोसल्ला ओढाइदिएका थिए । कार्यक्रममा गायक प्रेमध्वजले गीतकार चौधरीको 'मेरा कविताहरू' नामक कवितासंग्रहको इ-बुक सार्वजनिक गरे ।

## १२ सञ्चारिकालाई सम्मान



आर्य समाज नेपाल, अन्तर्राष्ट्रिय आर्य समाज र जिउँदो शहीद पं. दुर्गाप्रसाद भट्टराईको संयुक्त आयोजनामा विभिन्न रेडियो तथा टेलिभिजनका समाचार वाचिकालाई सम्मान गरिएको छ । उनीहरूलाई उत्कृष्ट समाचार वाचन गरेर समग्र महिलाहरूको प्रतिष्ठामा वृद्धि गरेकोले सीता जन्मजयन्तीको अवसर पारेर राजधानीमा सम्मान गरिएको हो । सम्मानित हुने टेलिभिजन पत्रकारहरूमा श्वेता सिन्हा, रोजिता कँडेल, सविना कुँवर, सुषमा केसी श्रेष्ठ, रोजिता थापा, अनिता विन्दु, रेस्मा राई, शोभिता सिन्हा, चन्द्रावती घिमिरे र स्नेहा झा रहेका छन् । यसैगरी क्यापिटल एफएमका तारा ढकाल, साजना तामाङ र कान्तिपुर एफएमकी कृष्णा पौडेललाई पनि सम्मान गरिएको थियो ।

## लिटिल प्रिन्सेस उपाधि इशालाई




बालिकाहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले हेरक वर्ष आयोजना भइरहेको लिटिल प्रिन्सेस नेपालको चौथो संस्करणमा सहभागी १८ बालिकामध्ये इशा सुवेदीले उपाधि जितेकी छन् । रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीको आयोजना एवं राज फैजुको कोरियोग्राफी रहेको कार्यक्रममा उपत्यकाका विभिन्न विद्यालयका बालिका सहभागी थिए । कार्यक्रमकी विजेता इशाले वेस्ट ट्यालेन्ट र ड्रेसको उपाधि पनि जितेकी छन् । फस्टरनरअप विपसिता लोहनीले वेस्ट स्माइलको उपाधि हात पारेकी थिइन् । त्यस्तै सेकेण्ड रनरअप विजेता उगेस्ना तिमल्सिनाले वेस्ट पर्सनालिटीको अवार्ड प्राप्त गरिन् । यस्तै फ्रेन्डसिपमा स्नेहा जगरा मगर, डिसिप्लेन र हेयरमा सुम्निमा राई, क्यूटमा विश्रुति लोहनी, वाकमा श्वेता श्रेष्ठ, फोटोजेनिकमा दक्षता विस्ट र एसमएस अवार्डमा सारंसा श्रेष्ठले उपाधि जितेका छन् । प्रतियोगितामा सहभागी बालिकाहरूले नेवारी तथा थारू नृत्य पनि प्रस्तुत गरेका थिए । कार्यक्रममा बालबालिकाले लोकप्रिय गायक तथा गायिकाका गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए । कार्यक्रममा निर्णायकको भूमिकामा फेशन डिजाइनज मञ्जु ढकाल, गायिका इन्दिरा जोशी, गायक आनन्द कार्की, निर्देशक शोभित बस्नेत, कलाकार एवं मोडल सपना रोक्का मगर र सञ्चारकर्मी सुमित राणा रहेका थिए ।

## दृष्टि बनिन् लिटिल मिस वर्ल्ड युनिभर्स



यस वर्षको लिटिल मिस वर्ल्ड युनिभर्सको उपाधि नेपालकी दृष्टि दाहालले जितेकी छिन् । टर्कीको मिलासस्थित केफालुका रिसोर्टमा आयोजित प्रतियोगितामा मोरङ उर्लाबारीकी दृष्टिले २२ मुलुकका ४३ प्रतिस्पर्धीलाई उछिन्दै उपाधि हासिल गरेकी हुन् । डिल्लीबजारको एनआईसी एकेडेमीमा कक्षा आठमा अध्ययनरत १२ वर्षीया दृष्टिले 'मिस ट्यालेन्ट' को उपाधि पनि आफ्नो पोल्टामा पारेकी छन् । दृष्टिले उपाधिसँगै प्रशंसापत्र तथा विभिन्न उपहार र पुरस्कार पनि हात पारिन् । प्रतियोगितामा उनले डिजाइनर विन्जना गुरूङले तयार पारेको पहिरनमा नेपालको संस्कृति झल्कने आकर्षक नृत्य प्रस्तुत गरेकी थिइन् । उनलाई कलाकार शिरोमणि दवाडी, सञ्चारकर्मी तथा कोरियोग्राफर रोजिन शाक्य, डाली खनाल, सुरेश केसी तथा सौन्दर्यविद् ओकाशा मुल्मीलगायतले प्रशिक्षण दिएका थिए । इप्लानेटका अध्यक्ष सन्तोष सापकोटाका अनुसार विगत २१ वर्षदेखि टर्कीमा आयोजना हुँदै आएको बालबालिका सम्बन्धी यो अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालले पहिलोपटक सहभागिता जनाएको हो । राजधानी र मोफसलमा बालबालिका तथा किशोरी र युवतीदेखि गृहिणीम्मका लागि प्रतिभामुखी तथा सौन्दर्यमुखी प्रतियोगिताहरू आयोजना गर्दै आएको इप्लानेटले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सात उपाधि नेपाल भित्र्याइसकेको छ । दृष्टि फागुन ३ गते राजधानीमा इप्लानेटले आयोजना गरेको 'लिटिल मिस नेपाल' को विजेता हुन् ।

## वसन्तको विश्व काव्ययात्रा हङकङसम्म



चर्चित कवि तथा गीतकार वसन्त चौधरी आफ्नो विश्व काव्ययात्राको शृंखलालाई निरन्तर दिँदै हङकङ पुगेर आफ्ना उत्कृष्ट रचना सुनाएका छन् । हङकङको काउलून हलमा प्रवासी नेपाली उत्साहका साथ वसन्तको प्रतीक्षारत थिए । नेपाली गीतसंगीत क्षेत्रमा चर्चा बटुलिरहेका वसन्त जब आफ्ना प्रेमिल र स्वप्निल काव्यरचना लिएर उपस्थित भए, तब उपस्थित दर्शकले तालीले स्वागत गरेका थिए । युवकयुवतीको खचाखच भएको कार्यक्रममा वसन्तले सुरुमै पेमिल कविता सुनाएर वातावरण तताएका थिए । हङकङ नेपाली फाउण्डेशनको निमन्त्रणामा त्यहाँ पुगेका वसन्तले 'मौनतामा धेरै कुरा भन्न चाहेको थिएँ' शीर्षक कविता बाचन गर्दा दर्शकदीर्घाबाट 'वान्समोर' पाएका थिए । ह्वाइट सुटमा उपस्थित भएका वसन्तले यस्तै–यस्तै डेढ दर्जन रचना सुनाएका थिए । प्रायः काममै व्यस्त रहने प्रवासी नेपाली त्यस दिन बसन्तको कवितामा रमाएर दिन बितेको पत्तै पाएनन् । हङकङ नेपाली फाउण्डेशनका अध्यक्ष किशन राईले कवि तथा गीतकार चौधरी र फेडेरेशनको उद्देश्य समान भएकै कारण निम्ताएको सुनाए । कार्यक्रममा बसन्तको कविताहरूको संग्रह 'मेरा कविताहरू' को तेस्रो संस्करणको लोकार्पण गरिएको थियो । करिब दुई घन्टा चलेको कार्यक्रममा नेपाली गीतसंगीत र साहित्यप्रेमी दर्शकको बाक्लो उपस्थिति थियो । कार्यक्रममा गैर आवासीय नेपाली संघ, नेपाल चेम्बर अफ कमर्स हङकङ, हङकङ नेपाली महासंघ, नेपाली साहित्य प्रतिष्ठान, सिर्जनशील साहित्य समाज, हङकङ नेपाली साहित्य परिषद् र शाब्लाबुङ प्रकाशनलगायतका संघसंस्थाले कवि वसन्तलाई सम्मान गरेका थिए ।

## मिस एसएलसी प्रतियोगिता तयारी




एसएलसी परीक्षा दिएर घरमा बसेका छात्राहरूलाई लक्षित गरेर धरान जेसिजले मिस एसएलसी २०१४ आयोजना गर्ने भएको छ । जेसिजले रिजल्टको पर्खाइमा रहेका छात्राहरूको शून्य समयलाई सदुपयोग गर्न र उनीहरूमा भएको प्रतिभालाई उजागर गर्न मिस एसएलसीको तयारीमा जुटेको जनाएको छ । जेठ ३० गते धरानको सभागृहमा फाइनल हुने मिस एसएलसीको फारम खुल्ला भइसकेको आयोजकले जानकारी दिएको छ । 'एसएलसीको रिजल्ट नआएसम्म विद्यार्थीको शून्य समय हुने रहेछ, त्यसैले यो समयलाई सदुपयोग गर्दै उनीहरूलाई विभिन्न तालिम दिलाउने र क्षमता अभिवृद्धि गराउने उद्देश्यले गर्न लागेको हौं', कार्यक्रमका क्रिएटिभ डाइरेक्टर शिवराज श्रेष्ठले भने । विजेताले मिस एसएलसीको ताजसँगै सिल्ड र डिपोट उच्चमाविमा प्लस टुको छात्रवृत्ति र मिस टिनमा सहभागी हुने अवसर पनि पाउने छन् ।

## मिस नेपाल २०१४

# सुन्दरीहरू देश चिनाउन आतुर




तस्वीर : राजभाइ सुवाल

# मिस वर्ल्डमा इशानीको स्थान

गत वर्ष इन्डोनेसियाको बालीमा आयोजित मिस वर्ल्डमा मिस नेपाल-२०१३ इशानी श्रेष्ठ टप फाइभ पुग्न सक्नु नै ठूलो सफलता हो । यसअघि भाग लिने प्रायः सबै मिस नेपाल टप ट्वेन्टीमा पनि पुग्न सकेका थिएनन् ।

मिस वर्ल्डको ६३ वर्ष लामो इतिहासमा मिस नेपाल आयोजना हुन थालेको यो वर्षबाट २० वर्ष पुगिसकेको छ । २० वर्षको इतिहासमा गत वर्ष इशानीले पाएको सफलता ऐतिहासिक नै हो । यसअघि कुनै पनि मिस नेपालले कुनै पनि अन्तर्राष्ट्रिय ब्युटी पेजेन्टमा इतिहास रच्न सफलता पाएका थिएनन् । मिस वर्ल्डमा १ सय २७ मुलुकका सुन्दरीबीचको एक से एक प्रतिस्पर्धामा मिस नेपाल इशानी टप फाइभसम्म पुग्नु नै ठूलो गर्वको विषय बन्न पुग्यो । त्यसमाथि, इशानीले मिस वर्ल्डमा ब्युटी विथ द प्रपोज च्यालेन्ज नामक टाइटल अवार्ड जितेर थप इतिहास रचेकी थिइन् ।



२ दशक लामो इतिहास बोकेको मिस नेपालमा यो वर्षको उपाधि सुविन लिम्बूले जितिन् । प्रतिस्पर्धी १८ सुन्दरीलाई उछिनेर नगद ५० हजार सहितको मिस नेपालको ताज पहिरन सफल सुविन लिम्बू समुदायकी दोस्री मिस नेपाल बनेकी छन् । यसअघि लिम्बू समुदायबाट प्रतिनिधित्व माल्विका सुब्बाले गरिसकेकी छन् ।

नगद पचास हजार सहित मिस नेपालको ताज जितेकी सुविनले यो वर्ष आयोजना हुने मिस वर्ल्डमा नेपालको प्रतिनिधित्व गर्नेछिन् । त्यसै गरेर, फर्स्ट रनरअप प्रिन्सा श्रेष्ठ र सेकेन्ड रनरअप सोनी राजभण्डारी बनेका छन् । यो वर्ष आयोजना हुने मिस अर्थमा प्रिन्साले नेपालको प्रतिनिधित्व गर्नेछिन् भने सोनीले मिस इन्टरनेशनलमा भाग लिन पाउने छिन् ।

धरान घर भएकी यो वर्षकी मिस नेपाल सुविन हाल पढाइको सिलसिलामा काठमाडौंमा बसोबास गरिरहेकी छन् । थेम्स कलेजमा बीबीए अध्ययन गरिरहेकी सुविन सन् २०१० मा आयोजित मिस मंगोल प्रतियोगितामा फस्ट रनरअप बनेकी थिइन् । पढाइको अलावा नयाँ शब्दको खोजीमा प्रायः रहने उनको प्रमुख रूचिको विषय लेखन पनि हो । आफूले देखे-भोगेका यथार्थ लेख्न औधी रूचि राख्ने सुविन भोलिका दिनमा राम्रो लेखक बनेर आउने प्रशस्त संभावना रहेको छ ।

५ फिट ५ इन्च अग्ली सुविनको लक्ष्य फिल्मलाइन लगायतका ग्ल्यामर क्षेत्रभन्दा उद्यमी बन्ने रहेको छ । त्यो सोचलाई अघि बढाउन खोजको रूपमा अघि बढ्ने क्रममा मिस नेपाल हुँदाको क्षणमा बेग्लै अनुभूति दिने गरेको यथार्थ बताउने हरेक युवतीका लागि मिस नेपाल एउटा सपना बन्ने गरेको छ । मिस नेपालको माध्यमबाट मुलुकलाई विश्वमा चिनाउने आफ्नो एउटा भित्री चाहना पनि भएकोले मिस वर्ल्डमा अघिल्ला मिस नेपालहरूले बनाएको स्थानमा थप नयाँ परिचय र पहुँच दिने प्रयास रहने उनले बताएकी छन् ।

मिस नेपाल सुविनको रूचिसँग यो वर्षको मिस नेपालमा फस्ट रनरअप बनेकी प्रिन्सा श्रेष्ठको रूचि मेल खाएको छ । प्रिन्सालाई पनि सुविनलाई जस्तै लेखन कला अत्यन्त मन पर्ने विषय हो । त्यसको अलावा सपिङ र स्पोर्ट्स उनको अर्को रूचिको विषय रहेको छ । काठमाडौंको बालाजु निवासी ५ फिट ७ इन्च उचाइकी प्रिन्सा शंकरदेव क्याम्पसमा बीबीएको अन्तिम वर्षमा अध्ययनरत छिन् । पढाइ सकिनासाथ बैंक तथा फाइनान्सको जागिरे जीवनतिर लाग्ने सोच बनाएकी उनको प्रमुख उद्देश्य नै सफल फाइनान्स म्यानेजर बन्नु

# सृष्टिको सुन्दर पाटो

लण्डनमा नर्सिङ डिप्लोमा अध्ययनरत सृष्टि श्रेष्ठ मिस नेपाल-२०१२ हुन् । उनको मुख्य प्राथमिकता महिला र बालबालिका हुन् । मिस नेपाल हुँदा पाएको रकम जेलका बालबालिकालाई पुष्पा बस्नेतले दिइरहेको शिक्षामा सघाउने सोच उनले बनाएकी थिइन् । तर, उक्त रकमलाई सिरहामा अग्निपीडितहरूलाई राहतस्वरूप प्रदान गरेर उदाहरणीय कार्य उनीबाट भयो ।

मिस नेपाल र मिस कन्फिडेन्स भएबाट प्राप्त नगद ६० हजार तथा लण्डनबाट संकलित ५ लाखभन्दा बढी रकम सिरहा अग्निपीडितलाई प्रदान गर्ने सृष्टि आकर्षक व्यक्तित्वकी धनी मिस नेपाल हुन् । संभवतः मिस नेपालको हालसम्मकै इतिहासमा अग्ली र स्मार्ट मिस नेपाल सृष्टि नै हुन् । लण्डनमा होटल व्यवसाय गर्ने उनका पिता ईश्वर श्रेष्ठ छोरीको चाहना पहिलादेखि नै नेपालमा रहेका असहाय तथा अनाथको सेवा गर्ने रहेको जानकारी दिन्छन् ।

चितवन नारायणगढ निवासी सृष्टि केही वर्षअगाडि आफ्नो जन्मथलो चितवनको देवघाट घुम्न जाँदा त्यहाँस्थित सानो बृद्धाश्रममा एक आमाको जीवनको वास्तविक कथा सुनेर मर्माहत बनेकी थिइन् । देवघाट घुम्न जाऔं भनेर छोराबुहारीले नै ल्याएर ती आमालाई त्यहीं छाडेर छोराबुहारी बेपत्ता बने । अझै पनि ती छोराबुहारी फर्कने आशामा बसेकी ती आमालाई उनले बिर्सेकी छैनन् । त्यसकारण पनि निकट भविष्यमा बृद्धाश्रम त होइन, ती आमाहरूको लागि सर्वसम्पन्न घर बनाएर आश्रय दिने उनको योजना रहेको छ ।



हो । त्यसको लागि हाल कडा मेहनतका साथ पढिरहेको बताउने उनमा सुविनमा जस्तै फस्ट रनरअप भएयता बेग्लै जोश देखिएको छ ।

मिस नेपाल एउटा त्यो प्लेटफर्म हो, जहाँबाट आफ्नो आवाज हरेक वर्गसम्म पुऱ्याउन सकिने अभिव्यक्तिका साथ प्रस्तुत उनी सन् २००८ मा आयोजित मिस टिन कलेज विजेता पनि हुन् । चाहना मिस नेपाल बन्ने लिएकी उनी फस्ट रनरअपमा सीमित हुनुपर्दा खासै दुःख नलागेको बताउँछिन् ।

मिस नेपाल सुविन जस्तै सफल उद्यमी बन्ने सोचमा सेकेण्ड रनरअप बनेकी सोनी राजभण्डारी पनि देखिएकी छन् । ५ फिट ५ इन्च अग्ली सोनी माझबार पोखरा निवासी हुन् । यसै वर्ष मात्र बीबीएको अध्ययन पूरा गरेकी सोनी फुर्सदमा फेसनसम्बन्धी ब्लगहरू पढ्न औधी रूचि राख्छिन् । यसबाहेक समाजसेवामा समेत रूचि रहेको उनले बताएकी छन् ।

## मिस नेपालको इतिहास

सन् १९९४ बाट नेपालमा मिस नेपालको प्रारम्भ भएको हो । पहिलो मिस नेपाल रूवी राणादेखि पछिल्लो मिस नेपाल सुविन लिम्बूसम्म १९ जना मिस नेपाल भइसकेका छन् । मिस नेपालको इतिहास २० वर्ष पुगिसके पनि एक वर्षचाहिँ माओवादी अवरोधको कारण आयोजना हुन सकेन । त्यसबाहेक मिस नेपालको निरन्तरता कायमै रहेको छ ।

मिस नेपाल भएपछि मिस नेपालले पाउने मिडिया कभरेजदेखि उनलाई समाजले हेर्ने बेग्लै छवि र हैसियतले गर्दा अन्य ब्युटी पेजेन्टको भन्दा मिस नेपालको नेपालमा महत्व बढेको देखिन्छ । मिस नेपाल भएपछि मिस नेपाल हुने कतिपयले सुगाले रटेजस्तो ठूला-ठूला कुरा गरे पनि उनीहरूबाट खासै कार्य नभएको सबैको अगाडि छर्लङ्ग भइसकेको छ । कतिपय मिस नेपाल आम संचारमा, कोही फिल्मलाइनमा त कोही घर गृहस्थबाहेकका घेरा उनीहरूले तोड्न नसकेको यथार्थ छिपेको छैन ।

प्रायः मिस नेपालहरु मिस नेपालको एक वर्षे क्राउन पिरियडमा व्यापक चर्चामा रहने गरे पनि त्यसपछि विस्तारै चर्चाबाट हराउने गरेको पाइएको छ । मिडियामा नै भएकोले पहिलो मिस नेपाल रूवी राणा, झरना बज्राचार्य, उषा खड्गी, सुगरिका केसी, माल्विका सुब्बा लगायत हालसम्म पनि चर्चामै रहिरहे पनि अन्य मिस नेपालहरु बेग्लै करियर तथा घरजममा जम्न थालेपछि ओझेलमा परेको देखिन्छ ।

• श्याम स्मृत




# समर फेसनको समय

# संगीतकारहरूको समर फेसन

**समर सिजन अर्थात् गर्मी यामका बारेमा सबैका आ-आफ्ना धारणा हुने गरेको पाइएको छ। नेपाली समसामयिक सांगीतिक क्षेत्रका हस्तीहरु पनि यस समर सिजनबाट कामविशेषका क्रममा हैरानी बन्ने गरेका छन्। समर अनुभव र समर फेसनमा नेपाली सांगीतिक क्षेत्रका हस्तीहरु जयन सुब्बा मानन्धरसँग यसरी खुले :**

### शम्भुजीत बास्कोटा



समर सिजनमा मलाई लाइट कलरको पहिरनहरू प्रयोग गर्न मन पर्छ । लाइट कलरको सर्ट एवं टिसर्टसँग जिन्स पेन्ट लगाउने गर्छु । कार्यक्रमहरूमा जाँदा म फर्मलभन्दा सेमी फर्मल पहिरन नै प्रयोग गर्न रूचाउँछु । अफिसियल प्रोग्राम तथा पार्टीहरूमा भने सुट नै लगाउने गर्छु । एक्सेसरिजहरूमा मलाई ब्रान्डेड नै मनपर्छ । मसँग ब्रान्डेड घडीहरूको राम्रै कलेक्सन छ । प्रायः म सिको घडी लगाउने गर्छु । नाइक मेरो मनपर्ने ब्रान्डमा पर्छ। हाल आएर मलाई जारा ब्रान्ड पनि मन पर्न थालेको छ । मलाई ब्याट्रीले चल्नेभन्दा अटोमेटिक घडी मन पर्छ । यो समर सिजनमा एक्सेसरिज भन्नु पर्दा म गगल्स रेगुलर नै प्रयोग गर्छु । फेसनलाई मैले राम्ररी बुझेको छु । आफूलाई सुहाउने एवम् आफ्नो प्रोफेशनअनुसार पहिरनहरू लगाउने गर्छु । यो समर सिजनमा मैले आफ्ना लागि 'कुल लुक' पाउने समरकोटहरू बनाएको छु । म युवा अवस्थामा फेसनेबल नै थिएँ । त्यतिबेला चलेको फेसन खुब फलो गरिन्थ्यो । हाल आएर त्यति फेसन नगरे पनि आफूलाई सुहाउँदो पहिरनचाहि मिलाएर नै लगाउने गर्छु । आफूले प्रयोग गर्ने पहिरनहरूको कलर कम्बिनेसनमा पनि उत्तिकै सचेत छु । गर्मी मौसममा म गगल्स कहिल्यै छुटाउँदिन ।

### न्हयू वज्राचार्य



जति गर्मी बढ्छ, म त्यति नै लाइट कलरको पहिरनहरू प्रयोग गर्ने गर्छु । स्काई ब्लु, ह्वाइट, क्रिमजस्ता कलरको सर्ट, कुर्ता एवं टीसर्टहरू म ब्ल्याक एवम् ब्लु जिन्स पेन्टसँग लगाउने गर्छु । पार्टी एवं फङ्क्सनमा भने धेरैजसो सुटको नै प्रयोग हुन्छ । सुट लगाउँदा मलाई टाई चाहि मनपर्दैन त्यसैले भरसक टाई चाहिं प्रयोग गर्दिन । बेलाबखत बुटिकको पोशाकहरू पनि प्रयोग गर्छु तर कुनै विशेष अवसरहरूमा मात्र । हिजोआज मलाई चाइनिज गला भएको कुर्ता खुब मन पर्न थालेको छ । यो समरमा जिन्ससँग प्रायः म कुर्ताहरू नै प्रयोग गर्ने गर्छु । टीसर्ट लगाउनुपरेमा राउण्ड शेप गला भएको अथवा कलर नभएको टीसर्टहरू नै मलाई मनपर्छ । गर्मीमा म बढी लाइट कलर्सहरू ह्वाइट, क्रिम एवं स्काई ब्लु प्रयोग गर्छु । यसपटकको विदेश भ्रमणको क्रममा मेरा चाइनिज साथीहरूले चाइनिज गला भएको ड्रेसहरू धेरै नै गिफ्ट दिएका छन्, ती पहिरनहरू यसपालिको समरमा मज्जाले प्रयोग गर्ने सोच बनाएको छु । फेबिकमा कटन नै रोज्छु । घामबाट जोगिन सन ब्लक लोशन पनि लगाउँछु । एक्सेसरिजमा म चस्माको एकदमै सौखिन छु । मसँग ब्रान्डेड चस्माको राम्रो कलेक्सन छ तर रेबन ब्रान्ड मेरो अलटाइम फेभरेट ब्रान्डमा पर्छ । चस्मा धेरै हराउने भएकोले मैले घरमा नै राख्ने गर्छु । घडी म ओमेगा ब्रान्डको लगाउँछु ।

महशुर फेसन डिजाइनरहरूले भनेका छन्- ग्ल्यामर क्षेत्रमा फेसनको ठूलो अर्थ हुन्छ । त्यसैले त फेसन ग्ल्यामरको एक हिस्सा हो । चर्चित फेसन डिजाइनर राल्फ लाउरेनले भनेका छन्- 'म लुगाहरूको डिजाइन गर्दिनँ, म सपनाहरूको डिजाइन गर्छु । लुगाको सौख भनेको सपनाहरूको प्रयोग हो ।' फेसन युवायुवतीको उमेरको चाहना र सौख मात्र होइन, सपना पनि हो । त्यसैले त मौसम अनुसार शहर रंगिन र आकर्षक देखिन सुरू भइसकेको छ । गर्मीको पारो उकालो लाग्दै गर्दा, कपडाचाहिँ शरीरबाट ओरालो लाग्छन् । शहरमा देखिन थालेको दृश्य समर चढिसकेको संकेत हो ।

फेसन समयअनुसारको लगाई र तरिका मात्र होइन, एउटा सपना पनि हो । ग्ल्यामर क्षेत्रमा होमिएकाहरूको सपना शहरमा भित्रिएका, विश्वमा देखिएका नयाँ फेसनसँग नजिक रहनु र त्यसलाई उपयोग गर्नु हो । 'ग्ल्यामर फिल्डमा खोजी नयाँ फेसनको हुने गरेको छ । र, यो मौसमअनुसार नै परिवर्तन भइरहन्छ', मोडल अभिरूचि बुढाथोकी भन्छिन्, 'समर फेसनको मजा नै बेग्लै हुन्छ ।' खासगरी समर फेसन लोकेशनअनुसारको हुने उनको मान्यता छ । थप्छिन्, 'ठाउँ हेरेर हुन्छ, दिउँसो के लगाउने ? पार्टीमा जाँदा कस्तोमा जाने ? अनि अन्य विशेष कार्यक्रममा कस्तो देखिने ।' अस्पतालमा जागिरेसमेत रहेकी उनी फेसनेवल देखिन समरमा सारी ज्यादा लगाउने गर्छिन् । भन्छिन्, 'यो सदाबहार देखिन्छ, अनि फेसनेवल पनि देखिन्छ ।'

नयाँ पहिरनको सिर्जना मौसमअनुसार नयाँ ढंगबाट हुने गरेका छन् । त्यसको प्रयोगले पनि व्यापकता पाउने गरेको छ । फेसन पहिरन लगाउनका लागि मात्र होइन, त्यसको प्रभावका लागि पनि हुने गरेको छ । अमेरिकी मोडल लयलाले भनेकी छन्- 'आज म ठीक छु, भोलि ठीक हुनेछ, अनि पर्सि झनै ठीक देखिनेछु । एक वर्षमा तपाईंहरूले मलाई फरक-फरक देख्नुहुनेछ ।' लयला ग्ल्यामर क्षेत्रमा पहिरनको ठूलो महत्व हुने उल्लेख गर्छिन् ।

यतिबेला नेपाल गर्मीको प्रभावबाट गुज्रिहेको छ । काठमाडौंदेखि पोखरा र धरानसम्म उत्तिकै गर्मी छ ।





### महेश खड्का



यो समर सिजनका लागि मेरो पहिलो च्वाइस भनेको ह्वाइट कलर हो । सकेसम्म म ह्वाइट कलरको प्रयोगलाई नै प्राथमिकता दिन्छु । किनकि ह्वाइट कलरले शीतलता प्रदान गर्छ साथै गर्मीको लागि यो कलर पर्फेक्ट पनि मानिन्छ । ह्वाइटबाहेक मलाई अन्य लाइट कलर्सहरू पनि मन पर्छ । त्यसमा क्रिम, लेमन ग्रीन, लाइट ब्राउन एवं रेड बढी मन पर्छ । म खासै फेसनेबल मान्छे होइन तर त्यसो भन्दैमा फेसनलाई फलो नगर्ने पनि होइन । चलेको डिजाइनअनुसार मार्केटमा आएका नयाँनयाँ पहिरनहरू पनि लगाउने गर्छु तर श्रीमतीको च्वाइसमा । आफू प्रायजसो रेकर्डिङमा नै व्यस्त हुने भएकोले मैले प्रयोग गर्ने पहिरनहरू मेरी श्रीमतीले नै किनेर ल्याइदिने गर्छिन् । टीसर्ट कटन सर्ट एव जिन्स यो समरमा मैले रेगुलर प्रयोग गर्ने पहिरनहरू हुन् । पसिना सोस्ने कटन फेब्रिकहरू यो सिजनमा पर्फेक्ट हुन्छ । पारिवारिक जमघट, बिहे भोजभतेरमा मैले लाउने भनेको सुट नै हो । एक्सेसरिजको मलाई त्यति रूचि छैन त्यसैले म चस्मा, घडी, क्याप हतपत लगाउँदिन । मलाई लाग्छ समय, ठाउँ, मौसम, उमेर सबै विचार पुऱ्याएर फेशन गर्नु राम्रो हो । त्यसमा चलेको फेसनलाई फलो त गर्नु नै पर्छ । समर सिजनमा पसिना बढी आउने हुनाले कटनको रूमाल कहिले पनि छुटाउँदिन ।

### कालीप्रसाद बास्कोटा



म फेसनभन्दा बढी कम्फर्टमा विश्वास गर्छु । आफ्नो कामको लागि कुन पहिरन प्रयोग गर्दा कम्फर्ट हुन्छ, मैले प्रयोग गर्ने पहिरन त्यसमा बढी फोकस हुन्छ । फर्मलभन्दा पनि क्याजुवेल एव सेमिफर्मल पहिरनहरू नै धेरै प्रयोग गरिन्छ । जिन्स मेरो सदाबहार मनपर्ने पहिरन हो । ह्वाइट, रेड, ब्ल्याक, ग्रे मेरो मनपर्ने कलर्सहरूमा पर्न आउँछ । म त्यति फेशनेबल छैन तर आफूले प्रयोग गर्ने पहिरनहरू र कलर्सहरूमा सधैं सचेत हुन्छु । कुन ठाउँमा, कुन समयमा कस्तो पहिरन प्रयोग गर्ने त्यो कुरा मैले राम्ररी नै बुझेको छु । हल्का चलेको ट्रेण्ड पनि फलो गरिन्छ । समरमा मलाई ब्राइट कलर्सहरू पनि खुब मन पर्छ । ब्राइट कलर्सको पोलो राउण्ड सेपको टीसर्टहरूसँग जिन्स लगाउन मलाई एकदमै मनपर्छ, जुन म रेगुलर नै प्रयोग गर्छु । पार्टी एवम् फङ्क्सनहरूमा मलाई सेमिफर्मल ड्रेसहरू नै लगाउन मन पर्छ । पूरै फर्मल ड्रेस भरसक लगाउँदिन । म बरू रफ टाइप एव नर्मल गेटअप नै आफूलाई कम्फर्ट महसुस गर्छु । फेसनले व्यक्तित्व झल्काउँछ, अरूमाझ आफू आकर्षक देखिन फेशन सधैं सहयोगी हुन्छ, यो कुरामा म सहमत छु तर मेरो पहिलो प्राथमिकता भनेको नै कम्फर्ट हो । म त्यति ब्रान्ड कन्सस पनि छैन । मौसमअनुसार आफूलाई सुहाउने पहिरनहरू नै प्रयोग गर्ने गर्छु, त्यसमा सस्तो पनि हुन्छ र महँगो पनि । आफूलाई मन परेपछि म सस्तो महँगो भन्ने सोच्दिनँ । समरमा मलाई कुल लुक मनपर्छ र त्यसैमा नै आफूलाई फोकस गर्छु । एक्सेसरिजमा म रेबन ग्लास नै प्रयोग गर्छु । मलाई लाग्छ स्टाइल अरूको कपी गर्नुभन्दा आफ्नो नै फेसन स्टेटमेन्ट बनाउनु राम्रो हो । गर्मी मौसममा धुलो, गर्मी, घाम, हावा सबैबाट जोगिनका लागि गर्मी मौसममा म विन्डचिटर कहिले पनि छुटाउँदिन ।

मौसमको प्रभाव एकातिर बढिरहँदा स्विमसुटदेखि, वान पिस र टु पीसहरु देखिनु स्वाभाविक बनिरहन्छ । पातला टिसर्टहरु स्वाभाविक पहिरन बनिसकेका छन् । गर्मी छल्न छोटा र पातला कपडा लगाउनेहरूले आधुनिक फेसनलाई पनि सहज रूपमा उपयोग गरिरहेका छन् । 'समर फेसनमा पर्ने यस्ता कपडाहरूको बिक्री, बनाउने तरिका चलिरहन्छ ।' काठमाडौंमा बुटिक सञ्चालन गरिरहेकी कविता आचार्य भन्छिन्- 'गर्मीमा युवतीहरूका फेसनका अनेक डिजाइनहरु आउन थालेका छन्, नयाँ डिजाइनमा पातला कपडाहरूको डिमान्ड बढिरहेको छ ।' उनी जेन्टल सेक्सी देखिनेहरु भने सारीको प्रयोग ज्यादा गर्ने बताउँछिन् । 'सारी अहिले नेपाली बजारको समर फेसनको नयाँ डिजाइन हुन थालेको छ,' आचार्यले भनिन् ।

फेसन डिजाइनर जोन वेसलेले 'पहिरनको सवालमा तिमी कहिले पहिलो नहुनु र अन्तिम पनि नहुनु' भनेजस्तो छैन, समर फेसनको स्थिति । समर सुरू नहुँदै समर फेसनको चल्तीले शहरलाई रंगाइसकेको छ । ग्ल्यामरलाई सपना बनाउनेहरु पहिरनको सौखलाई समयानुकूल नै देखाउन रूचाउँछन् । गर्मीमा खासगरी युवतीहरु लुज सर्ट लङ डिजाइन, फ्रि बेल्ट टि-सर्ट, सिफोन सर्ट, कटन सर्ट गाउनप्रति सामान्यतया आकर्षित हुने गरेका छन् । यो शहरमा अहिले चलेका नयाँ डिजाइन मानिन्छन् । 'हाफ पाइन्ट, हट पाइन्ट टिसर्ट समर फेसनका कमन क्लोथका रूपमा मानिन्छन्', मोडल आशा गौतम भन्छिन्, 'त्योभन्दा स्पेसीफिक प्रोग्राम र ठाउँ हेरेर हुन्छ ।'

समर फेसनका ड्रेसअपहरूको डिजाइन मात्र नयाँ हुँदैनन्, ती डिजाइनका रंगहरूले पनि प्रभावित पार्दछन् । स्काई ब्लु, ह्वाइट, पिंक कलरका जुनसुकै प्रकारका ड्रेसहरूको आकर्षणका रूपमा देखिने गरेका छन् । शहरमा नयाँ फेसनको चर्चासँगै लहर चल्नु स्वाभाविक भए पनि महशुर लेखक लि मिल्डनले भनेका छन्, 'यदि तपाईंले सुन्दर मुस्कान दिनुभएको छ भने मान्छेले तपाईंको परम्परागत पहिरनको वास्ता गर्दैनन् ।' तर, शहरमा अहिले समर फेसनकै चर्चा ज्यादा छ ।

● **विनोद ढकाल**





Subcription

Tel : +977-01-4434475, Mobile : 9818 852676, E-mail : xinhuaktm@gmail.com

xinhuanepal @xinhuanepal



# फिल्मनगरी पोखरा

**महेशकुमार खाती**

ढुङ्गै-ढुङ्गाका बाक्लै घरहरु भएका सुन्दर गुरूङ गाँउहरूमा मात्र हैन पोखरा र वरिपरि हरेक हप्ताजस्तो आ-आफ्ना पोशाकमा सजिएका जनजाति अनुहार एक्सन र कटको इशारामा अभिनय पस्कन्छन् । आफ्नो भाषा र संस्कृतिका फिल्महरु पर्दामा हेर्न महिनामा एक/दुई वटा फिल्म हलमा दर्शकको भीड नै लाग्छ । जहाँ बालकदेखि वृद्धहरु पनि आफ्नो जाति अनुसारको पोशाकमा ठाँटिएर पुग्ने गर्छन् ।

त्यसो त फिल्मको लागि नभै नहुने थलो हो पोखरा । वर्षभरि निर्माण हुनेमध्ये आधाजति पोखरामा नै सुटिङ हुन्छ । काठमाडौंपछि फिल्मी गतिविधि बढी हुने शहर पोखरा हो । पोखरामै निर्माण भएका ती फिल्महरु प्रदर्शन नहुने सायदै कुनै महिना होला । पोखरा पर्यटनसँगै फिल्मका लागि पनि चर्चित मानिन्छ । फिल्मी पर्यटनका लागि पनि लोकप्रिय यहाँ निर्माण हुने गरेका विभिन्न जातजाति तथा भाषाभाषीका फिल्मलाई पनि दर्शकले खुबै मन पराउने गरेका छन् । विशेषगरी जनजातिका संस्कृति, कला, भाषा, संस्कार, पोशाक, गीतसंगीत लगायतलाई केन्द्रित गरी फिल्म निर्माण हुने क्रम बढ्दो छ ।

संस्कृति जगेर्ना, मनोरञ्जनसँगै पहिचान र विचार निर्माण ती फिल्मका मुख्य विषय

**पोखरा पर्यटनसँगै फिल्मका लागि पनि चर्चित मानिन्छ। वर्षभरि निर्माण हुनेमध्ये आधाजति पोखरामा नै सुटिङ हुन्छ। काठमाडौंपछि फिल्मी गतिविधि बढी हुने शहर पोखरा हो। पोखरामै निर्माण भएका ती फिल्महरू प्रदर्शन नहुने सायदै कुनै महिना होला।**

हुन् । पोखरामा विशेषगरी गुरूङ जातिसँग सम्बन्धित फिल्महरु बढी बने पनि मगर, तामाङ, नेवारी फिल्म पनि बन्ने गरेका छन् । गुरूङ फिल्मकर्मीहरु संगठित भएर निर्माणमा जुटेका छन् भने अन्य जाति पनि त्यही बाटो पच्छ्याउने क्रममा छन् । गुरूङ फिल्म एशोसियसन नेपालका निवर्तमान अध्यक्ष माओत्से गुरूङ पोखरामा रहेर कला, संस्कृति, भाषालाई केन्द्रित गरी मौलिक फिल्म बनाएको बताउँछन् ।

'संस्कृतिलाई बचाइराख्न हामीले फिल्म बनाई जनतासमक्ष प्रस्तुत गरेका छौं', तीन वटा फिल्म निर्देशन गरिसकेका कलाकार समेत रहेका उनले भने- 'हामीले मौलिक फिल्म बनाइरहेका छौं ।' जातजाति तथा भाषाभाषीका संस्कृति, कला, परम्परा, तथा संस्कारमा केन्द्रित फिल्महरूलाई राज्यले सहयोग गर्ने बताए पनि फिल्मकर्मीले भने निर्माण तथा प्रदर्शनमा केही सहुलियत पाएका छैनन् । 'लोपोन्मुख कला र संस्कृतिको संरक्षणमा राज्यले गर्नुपर्ने काम हामीले गरेका छौं', गुरूङले भने- 'तर राज्यले केही पनि सहयोग गरेको छैन ।'

२०५२ सालमा बनेको पहिलो गुरूङ संस्कृतिमा आधारित पाते (माइली) देखि भर्खर प्रदर्शनमा आएको माँ (आमा)सम्मले संस्कृति र कला संरक्षणसँगै आफ्नो पहिचानको खोजी पर्दामा गरेका छन् । तिनागा (आजभोलि), तमु ह्युल (गुरूङ राज्य), धिं (घर), शैं (मन), घलेक (द साइन अफ लभ), ङ्ल्स्यो (सोल्टिनी), मिल्की (चोखोमाया) लगायतका फिल्ममा गुरूङ संस्कृति र कला मात्र समेटिएका छैनन् पहिचान र विचार समेटिएका छन् । स्थानीय कलाकारले



**पोखरामा विशेषगरी गुरुङ जातिसँग सम्बन्धित फिल्महरू बढी बने पनि मगर, तामाङ, नेवारी फिल्म पनि बन्ने गरेका छन् । यहाँ निर्माण हुने गरेका विभिन्न जातजाति तथा भाषाभाषीका फिल्मलाई पनि दर्शकले खुबै मन पराउने गरेका छन् ।**

बढी अभिनयन गर्ने फिल्म करिब ५ लाखदेखि ३० लाखसम्मको लगानीमा निर्माण हुन्छन् ।

पोखरामा फिल्मकर्मी पनि बढ्दै गएका छन् । मूलधारका फिल्महरु पनि पोखरामा खुबै सुटिङ हुन्छन् । यहाँकै व्यवसायी मिलेर मूलधारकै फिल्म बन्ने क्रम पनि बाक्लिँदै गएको छ । केही हप्ताअघि मात्र चर्चित अभिनेता आर्यन सिग्देल मुख्य कलाकार रहेको 'नाइके'को पोखरामा छायांकन सकिएको छ । यस फिल्ममा रेम बि.क, बोधराज रेग्मी लगायतले अभिनय गरेका छन् । अन्य फिल्म बन्ने क्रम बढ्दै गएको छ पोखरामा ।

आदिवासी जनजातिका हिसाबले पोखरा र वरपर गुरूङ जातिको उल्लेख्य बसोबास भए पनि अन्य जातजातिका फिल्महरु बन्ने क्रम पनि बाक्लिदै गएको छ । पछिल्लो समयमा गुरूङ, मगर, तामाङ, नेवार लगायतका जातजातिका संस्कृति तथा भाषाभाषीमा आधारित फिल्म बन्ने क्रम ह्वातै बढेको हो । यीसँगै नेपाली भाषामा राजधानीमा जस्तै फिल्महरु पनि यहाँ नबनेका भने होइनन् । मूलधारका भनिएका जस्तै अन्य फिल्महरु पनि पोखरामा निर्माण भइरहेका छन् । गुरूङ संस्कृतिमा आधारित फिल्मसँगै नेपाली फिल्म पनि बनिरहेका छन् पोखरामा ।

पुरै गुरूङ भाषा र नेपाली भाषाका गुरूङ संस्कृतिमा आधारित फिल्म लगभग आधाआधी निर्माण भएका छन् । 'पोखरामा बन्ने गरेका गुरूङ भाषाका र संस्कृतिमा आधारित नेपाली फिल्महरु आफ्नो कला र संस्कृतिको जगेर्नामा केन्द्रित छन्', करिब १५ जातजातिका फिल्मका नायक गमन घलेले भने-'विभिन्न जातजातिका भाषा तथा संस्कृतिमा आधारित पोखरामा बन्ने





फिल्मले मनोरञ्जनसँगै विचार निर्माण गर्नमा ठूलो भूमिका खेलेका छन् ।'

गुरूङ संस्कृति र भाषामा मात्रै छवटा फिल्म बनाएका निर्देशक लोकबहादुर गुरूङ गुरूङ संस्कृति भनेर मूलधारका जस्ता मात्र फिल्म बनाउन नहुनेमा जोड दिन्छन् । 'गुरूङको संस्कृतिमा भनेर, बलिउडका जस्ता १० वटा मोटरसाइकल उडाएर हिरोले सयौंलाई मार्ने फिल्म बनाइनु हुन्न भन्ने मलाई लाग्छ', उनले भने- 'गुरूङ संस्कृति, भाषा, पहिचान तथा संस्कार जोगाइराख्न गुरूङ बस्तीका वास्तविकतालाई कथामा ढाल्नुपर्छ, दर्शकलाई देखाइनुपर्छ ।'

गुरूङ फिल्मको मुख्य बजार पनि पोखरा नै हो । मूलधारका चलचित्रलाई झैं देशव्यापी फिल्म रिलिज नगरी पोखरालगायत देशका विभिन्न ठाउँ र विदेशमा समेत च्यारिटी शो गरी फिल्मको लगानी उठाउने गरेका छन् यहाँका फिल्मकर्मीले । ती फिल्म तथा यहाँका धेरैजसो कलाकारहरु पनि व्यावसायिक बन्दै गएका छन् ।

'फिल्महरु मौलिक हुनुपर्छ, हामीले पोखराम बसेर स्थानीय विषयलाई कथा बनाएर फिल्म बनाइरहेका छौं, तिनले सन्देश र मनोरञ्जन पर्याप्त दिएका छन्', निर्देशक कृष्णकुमार गुरूङले भने- 'फिल्मले बढी सन्देश दिनुपर्छ भन्ने मान्यता राख्छु म, समाजमा केन्द्रित फिल्म भए भने मात्र दर्शकको मन छुन्छ ।' उनले निर्देशन गरेको तमु ह्युला (गुरूङ राज्य) संघीयताको मुद्दा उठेको बेलामा गत वर्ष प्रदर्शनमा आएको थियो ।

धेरैजसोले संस्कृति र कलासँगै मनोरञ्जनपूर्ण हुनुपर्ने विचार राख्ने गरेका छन् । चलचित्रकर्मी यही क्षेत्रमा व्यावसायिक पनि बनेका छन् । २०६४ सालदेखि यस क्षेत्रमा लागी ५ वटा फिल्ममा नायिकाको अभिनय गरेकी जशु गुरूङ रंगीन क्षेत्रमा व्यावसायिक बनेको बताउँछिन् । 'म पूर्ण रूपमा गुरूङ फिल्महरूमा व्यावसायिक छु', केही म्युजिक भिडियो निर्देशन पनि गरिसकेकी उनले भनिन्- 'सन्देशसँगै मनोरञ्जनयुक्त फिल्ममा काम गरेकी छु, एउटा कलाकारले सबै भूमिका निर्वाह गर्नुपर्छ ।'

**गुरुङ फिल्मको मुख्य बजार पोखरा नै हो। मूलधारका चलचित्रलाई झै देशव्यापी फिल्म रिलिज नगरी पोखरालगायत देशका विभिन्न ठाउँ र विदेशमा समेत च्यारिटी शो गरी फिल्मको लगानी उठाउने गरेका छन् यहाँका फिल्मकर्मीले। ती फिल्म तथा यहाँका धैरैजसो कलाकारहरू पनि व्यावसायिक बन्दै गएका छन्। धैरैजसोले संस्कृति र कलासँगै मनोरञ्जनपूर्ण हुनुपर्ने विचार राख्ने गरेका छन् ।**

सुरूदेखि नै संस्कृतिप्रधान फिल्महरु निर्माण भएका जातजाति तथा भाषा केन्द्रित फिल्ममा पछिल्लो समयमा सबै विविधता थपेर निर्माण पनि हुन थालेका छन् । निर्देशक प्रितम गुरूङ मनोरञ्जनसँगै सही सन्देश फिल्मले दिनुपर्नेमा जोड दिन्छन् । 'सुरूमा संस्कृतिलाई मात्र केन्द्रित गरी फिल्महरु बने पनि सबै विविधता थपी निर्माण गर्ने गरेका छौं', ३२ वटा फिल्ममा कलाकार तथा निर्देशक भएर काम गरेका उनले भने- 'समयसापेक्ष फिल्म बन्नुपर्छ, हाम्रो बजार पोखरासँगै विदेश पनि हो ।'

फिल्मकर्मी युग गुरूङले राम्रा र आफ्नै कथाबस्तुमा फिल्म बनाइनुपर्नेमा जोड दिए । 'हाम्रै गाउँबस्तीका कथावस्तु फिल्ममा आउनुपर्छ, अन्य होइन' करिब ४ वटा फिल्ममा निर्देशन तथा अन्य काम गरेका तथा पोखरा फिल्म सोसाइटीका अध्यक्षसमेत रहेका उनले भने- 'पोखरा, काठमाडौंसहित देशका अन्य शहर र विदेशका हङकङ, युके तथा खाडी मुलुक लगानी उठाउने बजार हो ।'

# छुल्ठिमले ठूलो पर्दामा नखेल्ने



ठूलो होस् या सानो पर्दामा आफ्नो अनुहार देखिएपछि नेपालका कलाकारहरु त्यतिकै पनि रमाउँछन् । उनीहरुमा एकपछि अर्को फिल्ममा खेल्न पाइन्छ कि पाइँदैन भन्ने चिन्ता हुन्छ । तर भर्खरै मात्र रिलिज भएको फिल्म नोभेम्बर रेनमा डेब्यु गरेकी नायिका छुल्ठिम गुरूङ भने फिल्ममा खेल्ने अफर आए पनि अब ठूलो पर्दाको चलचित्रमा नखेल्ने भएकी छिन् । गुरूङ आफ्नो पहिलो फिल्म सफलताबाट उत्साहित भए पनि ठूलो पर्दाको फिल्ममा नखेल्ने बताउँछिन् । फिल्म प्रवर्द्धनका लागि धरानको गणेश टाकिज हलमा आइपुगेकी छुल्ठिमले हट नेपालसँग भनिन्- 'डेब्यु फिल्म नै मेरो अन्तिम फिल्म हो, म अब रेडियो, टिभीमा नै फर्कंदै छु, मान्छेको आफ्नो रोजाइ र सोचाइ हुन्छ, म मिडिया क्षेत्रलाई छोड्न चाहन्न ।' फिल्म सुटिङको लागि हप्तौंसम्म अल्झिनुपर्दा आपनो पहिलो रोजाइ रेडियो टिभीबाट टाढिनुपर्ने भएकोले पनि फिल्म क्षेत्रलाई छोड्न लागेको उनको भनाइ छ । ठूलो सानो पर्दा दुवै आममानिससँग जोड्ने माध्यम भएकोले कुनै फरक नपर्ने उनको बुझाइ छ । 'ठूलो सानो पर्दा भन्ने होइन मुख्य कुरा पब्लिकसँग जोडिने हो । मलाई सानो पर्दामा खेल्न नै मनपर्छ,' उनले भनिन्- 'अहिले भन्ने हो भने म अर्को फिल्म खेल्न चाहन्न, नोभेम्बर रेनकै ह्याङ ओभर छँदै छ ।' विगतमा उनी गोरखा एफएम र नेपाल वान टिभिमा कार्यक्रम प्रस्तोता थिइन् । साथै उनले ४ दर्जनभन्दा बढी म्युजिक भिडियोमा समेत काम गरिसकेकी छिन् ।

**● सोहन श्रेष्ठ**

www·radiosarangi·com













Radio Sarangi 101.3 MHz, Indrapur-8, Biratchowk, Morang
+977 021 546063, 546073
CORPORATE OFFICE : **Radio Sarangi Network**
Babarmahal, Kathmandu, Nepal, Ph.: 01-4241202
www.radiosarangi.com, info@radiosarangi.com

# हुन्डाईको वर्ल्डकप योजना










ब्राजिलमा हुने फुटबलको वर्ल्डकपलाई मध्यनजर गरेर कोरियाको हुन्डाई कम्पनीका सबै कारमा बम्पर उपहार योजना राखिएको छ । आगामी तीन महिनाभित्र हुन्डाईका कार किन्नेहरु मध्येबाट एक जनालाई लक्की-ड्रबाट हुन्डाईले वर्ल्डकप हुन लागेको ब्राजिल लाने भएको छ । लक्की-ड्रबाट ब्राजिल जाने भाग्यमानी कार खरिदकर्ताको सम्पूर्ण खर्च कम्पनीले नै बेहोर्ने जानकारी नेपालका लागि हुन्डाई कम्पनीको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि.का सेल्स मेनेजर दिपेशमान शाक्यले बताए । कार बजारमा हुन्डाईका कारहरूको अधिक माग रहेको दाबी समेत मेनेजर शाक्यको छ ।

हुन्डाईले ल्याएको इओन, सेन्ट्रो, आइएलओ, ग्रान्ड, आइ-२०, भेर्ना, इलान्ट्रा, भेलोस्टर, सोनाटा, टक्सन र सन्ट्रा-फे ब्रान्डका कारहरु रहेका छन् । त्यसमध्ये नेपाली महिलाहरूको बढी रोजाइमा सेन्ट्रो कार परेको छ । जुन कारलाई धेरै नेपाली महिला सेलिब्रेटीले पनि खरिद गरिसकेको पाइएको छ । जसको हालको बजार मूल्य १९ लाख ४६ हजार रहेको छ ।

त्यसै गरेर, पुरुषहरूको शानको विषय बन्न थालेको गाडीमा हुन्डाईकै टक्सन बनेको छ । जुन सर्वाधिक बिक्री हुने मोडलमा मानिन्छ । जसको सिसी र मोडल हेरेर चारथरिको बजार मूल्य राखिएको छ । ६९ लाख ९६ हजार देखि ८८ लाख ९६ हजारसम्म मूल्य रहेको छ ।



तस्वीर : आशाकाजी महर्जन

# चढ्दो उमेर बढ्दो उत्साह

८० वर्षको चढ्दो उमेरमा समेत तकडा देखिएका प्रतिष्ठित व्यवसायी एवम् समाजसेवी मोतिलाल सिल्पकार यसो हुनुमा आफ्नो सकारात्मक सोच नै हो भन्छन् । कहिले पनि नकारात्मक सोच मनमा नल्याएका मोतिलाललाई दुई वर्षअगाडि निमोनिया भएर अस्पताल बसेको बाहेक बिरामी भएको सम्झना छैन् । एकपल्ट भीमरथारोहण समेत भइसकेका उनी हरेक बिहान उठ्नासाथ एक घण्टाजति विपश्यना ध्यान गर्ने गर्छन् । ध्यानलाई नै योगको रूपमा लिने उनलाई ध्यानले नै हरपल तन्दुरूस्ती पार्ने गरेको दाबी गर्छन् ।

४३ वर्षअगाडि जाउलाखेल निवासबाट भैंसेपाटीसम्मको ७ किलोमिटर दगुरेर हरेक बिहान शारीरिक अभ्यास गर्ने मोतिलालको अनुभवमा त्यो बेलामा बाटोघाटो तथा वातावरण अत्यन्त सफा थियो । सफा-सुन्दर वातावरणले त्यो बेलाका मानिसलाई स्वस्थ बनाउने गरेको बताउने मोतिलालको बाल्यकाल विद्यालयको पढाइमा भन्दा बढी सांस्कृतिक बाद्यबादनमा क्रियाशील भएरै बित्यो । त्यसमाथि, पुर्ख्यौली काष्ठकलाको सीपलाई तिखार्नमा तल्लीन भएका ती दिनलाई सम्झना गर्दा आनन्द

> पारिवारिक परम्परागत सिल्पी कलालाई स्वदेशदेखि विदेशसम्म उत्तिकै विस्तार गर्न सफल मोतिलाल विभिन्न स्कुल, संघ-संस्था, धार्मिक विहार लगायतमा संस्थापक बनेर सामाजिक कार्यमा पनि सक्रिय छन् । त्यसैले उनको अर्को परिचय प्रतिष्ठित समाजसेवी पनि बन्न पुगेको छ । चढ्दो उमेरसँगै बढ्दो उत्साहमा जीवनलाई क्रियाशील बनाउन सफल उनले बाँचुन्जेल सबैको हित गर्ने कार्यमा सदा रहने प्रतिबद्धतासमेत जनाउँछन् ।

मान्ने उनकै शब्दमा भन्ने हो भने, शैक्षिक योग्यताको हकमा सामान्य शिक्षा बाहेक छैन ।

अंग्रेजी र नेपाली भाषा लेख्ने र बोल्ने ज्ञान भएको भन्न रूचाउने मोतिलालको जन्म १९९१ साल माघ शुक्ल दशमीको दिन ललितपुरको मंगलबजार नजिक जोम्बहाल टोलमा भएको हो । १० वर्षको उमेरमा सिंहदरबारमा घरकाज अफिसमा उड कार्भिङ्को कार्य गरेको त्यो क्षणलाई फ्ल्यास-ब्याकमा जाँदा उनी ठूलो बुबा सानुलाल सिल्पकारलाई सम्भने गर्छन् ।

'ठूलो बुबा सिंहदरबारको घरकाज अफिसमा काम गर्दा नाइके हुनुहुन्थ्यो । म त उहाँकै हात समातेर सिंहदरबार पसेको थिएँ । जुद्ध शमशेरको पालामा पाटनका हामी सिल्पकारहरूको काष्ठकलाको कार्यमा जागिर नै थियो । नाइके ठूलो बुबालाई १२ रूपैयाँ र हामी प्रत्येकलाई चारआना पैसा त्यो बेला दिने गरिन्थ्यो । वर्षभरिमा ६० मुरी धान थप तलबको रुपमा पाइन्थ्यो,' ३ वर्ष त्यहाँ काम गरेका उनले अगाडि भने- 'घरैबाटै काष्ठकला जानेकोले कसैको अगाडि कामको लागि हात पसार्नु परेन । काष्ठकला बाहेक हात्तीको दाँतको कलात्मक कार्यको अलावा ढुंगामा आकर्षक कला कोर्ने काम पनि भयो ।'

पाटनको ऐतिहासिक भीमसेन मन्दिरअगाडि अद्यावधिक रहेको अन्नपूर्ण स्तम्भमा दोस्रो विश्वयुद्ध जितेर आएका वीर नेपाली गोरखालीले कोरेका शब्द हेर्न पाइन्छ । उक्त धरोहर बनाउने कार्य मोतिलालको सिल्पी पिता मोहनलालबाट भएको हो । २०२३ सालदेखि २०२६ सालसम्म नारायणहिटी राजदरबारमा समेत काम गरेका मोतिलालले पुरानो दरबार भत्काएर बनाइएको नयाँ दरबारका प्रायः काष्ठकला इन्जिनियर शंकर रिमालको डिजाइनमा बनाएका थिए ।


जेनेभाको आइलवा भवनदेखि जर्मन फ्यांकफर्ट, म्युनिख, बेलायत, जापानजस्ता मुलुकमा काष्ठकलाको सीप प्रस्तुत गर्ने कार्य मोतिलालबाट भएको छ । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा तत्कालीन पाकिस्तानकी प्रधानमन्त्री बेनजीर भुट्टो नेपाल भ्रमणमा आएको बेला पाटन औद्योगिक क्षेत्रभित्रको मोतिलालको उड कार्भिङ् इण्डष्ट्रीज अवलोकन गर्न पुग्दा १ ट्रक कलात्मक काष्ठ कला खरीद गरेकी थिइन् । मोतिलालको ती कलाबाट प्रभावित बनेर तत्काल पाकिस्तानी दूतावासबाट भिसा मगाएर पाकिस्तान भ्रमणको निम्तो दिएको उनले बिर्सेका छैनन् ।

पाकिस्तान पुगेर त्यहाँ पनि अद्‌भूत कला प्रस्तुत गरेर वाहवाही पाएर स्वदेश फर्केका उनले आफूजस्तै कालिगढ तयार पार्न बुंगमतीका केही तन्नेरीहरूलाई उड कार्भिङ्मा पारिश्रमिक दिएरै काम सिकाएका थिए । हाल बुंगमतीका १ सयभन्दा धेरै कालिगढ उनकै शिष्य हुन् ।

पारिवारिक परम्परागत सिल्पी कलालाई स्वदेशदेखि विदेशसम्म उत्तिकै विस्तार गर्न सफल मोतिलाल विभिन्न स्कुल, संघ-संस्था, धार्मिक विहारलगायतमा संस्थापक बनेर सामाजिक कार्यमा पनि सक्रिय छन् । त्यसैले उनको अर्को परिचय प्रतिष्ठित समाजसेवी पनि बन्न पुगेको छ । चढ्दो उमेरसँगै बढ्दो उत्साहमा जीवनलाई क्रियाशील बनाउन सफल उनले बाँचुन्जेल सबैको हित गर्ने कार्यमा सदा रहने प्रतिबद्धता समेत जनाउन पछि परेनन् ।



**पाटनको ऐतिहासिक भीमसेन मन्दिरअगाडि अद्यावधिक रहेको अन्नपूर्ण स्तम्भमा दोस्रो विश्वयुद्ध जितेर आएका वीर नेपाली गोरखालीले कोरेका शब्द हेर्न पाइन्छ। उक्त धरोहर बनाउने कार्य मोतिलालको सिल्पी पिता मोहनलालबाट भएको हो।**




नव वर्ष २०७१ सालको बहार
कमाण्डर पोष्ट दैनिकको
उपहारै उपहार
जित्नुहोस
बम्पर उपहार
लक्की ड्र
ग्यास चुल्हो
आकर्षक बेड
आकर्षक सोफा
आकर्षक
डाइनिङ टेबल
वार्षिक ग्राहक दर रु. १५००/- मात्र
कमाण्डर पोष्ट
सम्पर्क ठेगाना
युग पब्लिकेशन प्रा. लि.

# सुनमा आकर्षण



सुनको मूल्यमा जतिसुकै उतार-चढाव भए पनि सुनप्रति गरिबदेखि धनीसम्म सबैको आकर्षण पुरातन समयदेखि हालसम्म रहेको छ । यसले गर्दा मुलुकमा दैनिक ३० किलोको हाराहारीमा सुनको खपत हुने गरेको सुन व्यवसायीहरु बताउँछन् । लगनको बेलामा अझ यसको मागमा थप वृद्धि हुने गरेको काठमाडौंको न्यूरोडस्थित गणपति ज्वेलरीका सुन व्यापारी सचिन रौनियारले भनेका छन् । सुनको मूल्य नयाँ वर्ष २०७१ को वैशाख महिनाभर उतार-चढाव नै भयो । तोलाको ५० हजार देखि ५४ हजारसम्म पनि पुग्यो । महिनाको अन्तिम हप्तातिर ५३ हजारसम्म कारोबार भएको पाइयो ।





मर्दा-पर्दा देखि बिहे-व्रतबन्ध सबै कार्यको लागि सुन अत्यावश्यक धातु भएर मात्र नभई स्थिर सम्पत्ति पनि भएकोले सुन जोड्न सबैले हानथाप गर्ने भएकाले पनि यसको महत्व बढेको अभिनेता अर्जुन श्रेष्ठको बुझाइ छ । सही मानेमा सुनलाई आपत परेको बेलामा बेचेर या धितोमा राखेर पनि पैसा निकाल्ने सक्ने पूँजी पनि भएकोले सुनप्रति सबैको आकर्षण बढेको उनको ठहर छ ।

# आई लव टी–सर्ट







यो गर्मी यामसँगै शहर-बजारमा नयाँ-नयाँ फेसनले बजार लिएको पाइन्छ । यसै क्रममा तन्नेरीहरु माझ देशप्रेमले ओतप्रोत टी-सर्टको माग बढ्न थालेको छ । आइ लव नेपाल नामक व्हाइट टी-सर्ट तन्नेरीहरुमाझ हाल एकाएक माग बढ्न थालेको बीएसएस रेडिमेड फेसन उद्योगका मेनेजिङ्ग डाइरेक्टर विष्णु पुरूषले जानकारी दिएका छन् । तन्नेरीहरुमा देखिएको देशप्रेमले गर्दा आई लव नेपाल लेखिएका टी-सर्टको माग मुलुकभरबाट आइरहेको बताउँदै उद्यमी पुरूषले यो वर्षको समरमा यसको व्यापार ह्वात्तै वृद्धि भएको जानकारी पनि उनले दिएका छन् । त्यसको अलावा आई लव नेपालको लागि ठाउँ-विशेषलाई पनि आई लव अंकित टी-सर्टको माग पनि भइरहेको तनहुँको दमौलीमा फेसन व्यवसाय गर्दै आएकी फेसन व्यवसायी सोना पियाले बताएकी छन् । व्यवसायी पियाको पसलमा यसप्रकारका फेसनको नै बढी विक्री हुन थालेको उनले भनेकी छन् । गुणस्तर हेरेर ५ सयदेखि ७ सय रूपैयाँमा यस्ता टी-सर्ट पाइने गरेको छ ।

# नेपाली आकाशमा शुभ संकेत












**लक्ष्मण सिटौला**

देशको मुहार फेर्ने महान् कुराहरु, मेघा प्रोजेक्टहरु छायाँमा परिरहेको बेला साना साना कुरा र आयोजनाहरूले बरू विकासमा टेवा पुऱ्याइरहेको हुन्छ भने एउटा प्रमाण हो नेपाल वायु सेवा निगम (नेवानिले) भित्र्याएको एमए ६० विमान । सयौं बाधा–व्यवधान पार गरेर भित्र्याइएको यो विमानले नेपाली सञ्चार माध्यममा राम्रै स्थान पायो । निजी क्षेत्रका हवाई सञ्चालकहरु नेवानिलाई सौता सम्झन्छन् र जति सके नेवानिको अधोगति चाहन्छन् । पछिल्लो समयको उनीहरूको प्रयास विफल भएकै हो । नेवानिलाई धरासयी बनाएर ग्राउण्ड ह्याण्डलिङमा हुत्याउने उनीहरूको प्रयास यो समय तुहिएकै हो । चीन सरकारले दिने प्रतिबद्धता जनाएको ६ वटै विमान क्रमशः भित्रिदै जानेछन् र अब नेपाल वायु सेवा निगमले प्रगतिको उचाइ उक्लन थाल्नेछ । नेपाली आकाशमा नेवानि अवश्य पनि एउटा माउ संस्था हो, राष्ट्रिय ध्वजावाहकका रूपमा हिजो यसले आर्जन गरेको अन्तर्राष्ट्रिय गरिमामा विभिन्न कारणवश ग्रहण लागे पनि अब त्यो कालो बादलभित्रको चाँदीको घेरा खुला हुँदै छ ।

सय रूपैयाँ भए पनि कम भाडा दरमा हवाई टिकट उपलब्ध गराउन सक्यो भने नेपाली यात्रुहरु त्यही उडानबाट यात्रा गर्छन् । निजी हवाई कम्पनीहरूले लाद्दै आइरहेको महंगो भाडा दरमा उड्न बाध्य भएका नेपाली यात्रुहरूका लागि एमए ६० विमान वरदान सावित हुनेछ । ५६ यात्रु बोक्ने क्षमता भएको यो विमानको आफ्नै विशेषता छ । यसको कुल लम्बाई २४.७१ मिटर छ । यसको पखेटा २९.२० मिटर फैलिएको छ, यतिकै क्षमता भएका अन्य विमानको पखेटाभन्दा यसको बढी फैलावटले बढी भार बहन गर्ने क्षमता राख्दछ । यसको खालि वजन १३,७०० किलो छ । यसको उडान द्रुतता ५१४ किलोमिटर प्रतिघण्टा रहेको छ । अत्याधुनिक सञ्चार संग्रहण क्षमता राख्ने यो विमान पहाडी मुलुकलाई सुहाउँदो सावित भइसकेको छ । यो विमानले क्रमशः पश्चिमको धनगढी, नेपालगञ्ज लगायत भैरहवा, पोखरा, भरतपुर, पूर्वको भद्रपुर, विराटनगर रूटमा आफ्नो उडान भर्ने छ ।

नेवानिले आफ्नो आन्तरिक तयारी पूरा गसिकेको छ । नेपाल सरकार र चीन सरकारबीचको मैत्रीपूर्ण आर्थिक सहयोगका रूपमा प्राप्त भएको यो विमान र अब भित्रिने ५ वटै विमानको सहज ढङ्गले उडान भर्न सक्नु नेवानिका लागि चुनौती पनि छ ।

नेपालीहरूको आर्थिक हैसियतलाई मध्यनजर राखेर सर्वसुलभ ढङ्गले पारदर्शीपूर्ण वातावरणमा हवाई यातायातको स्तरोन्नतिका लागि चीन सरकारबाट प्राप्त सहयोगलाई हदैसम्म सम्मानजनक ढङ्गले यी विमानहरूको उपयोग हुनेछ भन्ने विश्वास दिलाउन नेवानि जुटिरहेको छ । एमए ६० विमानको आगमनसँगै विमानको टिकटमा भइरहेको कालोबजारी र मनपरी भाडादरको अन्त हुने शुभ संकेत नेपाली आकाशमा देखिएको छ !







## एल.पी. ग्याँस प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी

- सिलिण्डर ल्याउँदा गुडाउनु हुन्न, भान्सामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं, सुताएर वा घोप्ट्याएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरु गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गर्नुपर्दछ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउनुपर्दछ।
- काम सकिएपछि सधैं ग्याँस सिलिण्डरको रेगुलेटर बन्द गर्नुपर्दछ।
- भान्सारमा ग्याँस गन्ध आइरहेको छ भने लिक भइरहेको छ भन्ने बुझ्नुपर्दछ, यस्तो बेला पहिले रेगुलेटरको र पछि चुल्हाको नव (Knob) बन्द गर्नुपर्दछ।
- ग्याँस लिक भएको थाहा भएमा कहिल्यै पनि ग्याँस चुल्हो, लाइटर, धूप तथा कोठाको बिजुली बत्ती बाल्नुहुँदैन।
- बरु तुरुन्तै सबै झ्याल, ढोका, ग्याँसको मात्रा घटाउनेतर्फ लाग्नुपर्दछ।
- रेगुलेटरबाट ग्याँस लिक भएमा सिलिण्डरको भल्वमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राख्नुपर्दछ र नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई तुरुन्त खबर गर्नुपर्दछ।
- ग्याँस सिलिण्डरदेखि चुल्होसम्मको रबर पाइप प्वाल परे नपरेको चेक गर्नुपर्दछ र पाइप देखिने गरी जोड्नुपर्दछ।
- ग्याँस पाइपका दुवैतर्फ क्लयाम्पले राम्रोसँग कस्ने गर्नुपर्दछ।
- ग्याँसको चुल्हो जहिले पनि ग्याँस सिलिण्डरभन्दा माथि राख्नुपर्दछ।
- ग्याँसको रबर पाइप १.५ देखि २.० मिटर भन्दा लामो हुनु हुन्न।

**नेपाल आयल निगम**
(नेपाल सरकारको स्वामित्व प्राप्त)



तस्वीर : आशाकाजी महर्जन

# पाहुनाको सत्कारमा लसकुस

४५ वर्षअगाडि स्थापना भएको ठमेलको परिचय बोकेको काठमाडौं गेष्ट हाउस आफैमा गौरव बोकेको उत्कृष्ट होटल भन्ने कुरा यहाँ आउने प्रायः सबै पर्यटकहरूको मुखबाट सुन्ने गरेकै हो । नेपाल आउने विदेशी पर्यटकहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पाइला टेक्नासाथ रोजाइको होटलको रूपमा काठमाडौं गेष्ट हाउसको नाम लिने गरेको यथार्थलाई हिजोका दिनबाट आजका दिनसम्म पनि आँकन गरिँदै आएको छ ।

पाहुनाहरूलाई गरिने अन्तर्राष्ट्रिय शैलीको व्यवहारले पनि विदेशी पर्यटकहरूको काठमाडौं गेष्ट हाउस पहिलो रोजाइको होटल बन्दै आएको छ । स्थापना कालदेखि हालसम्म पनि विदेशी पर्यटकहरूले खचाखच भरिने यस होटलको रूम चार्ज पनि त्यति महंगो मानिदैन । १५ डलरदेखि महंगोमा १ सय ८० डलरसम्ममा डिलक्स, सुप्रियर, गार्डेन फ्यासिङ्ग रूमसम्म बुक गर्न सक्ने भएकोले सौखिन नेपालीहरूको समेत यस होटलमा आकर्षण देखिन थालेको सोही होटलको लसकुस रेष्टुरेन्टको विगत ३ महिना यता म्यानेजमेन्ट हेर्दै आएका मदन श्रेष्ठको भनाइ छ ।

विदेशी पर्यटकको तुलनामा नेपालीहरू पनि हाल कम नदेखिएको त्यहाँ आउने नेपालीहरूको बेग्लै जीवनशैलीले





एक जोडी नेपालीका लागि
अनुमानित खर्च
न्यूनतम रू. १,००० ।-
सम्पर्क : ०१-४७००६३२





पनि प्रमाणित गरेको पाइन्छ । विशेषतः विदेशी पर्यटककै बढी बोलवाला हुने उक्त होटलको आँगनको लबीमा नै रहेको लसकुस रेष्टुरेन्टले प्राचीन मल्लकालीन कला-पहिचानबाटै लसकुस अर्थात् स्वागत गरिरहेको अनुभूति दिने गरेको त्यहाँ प्रवेश गर्नासाथ महसुस गर्न सकिन्छ । ठमेलको टुरिज्म मार्केटको वाकिङ्गबाट थाकेर आएका प्रायः पर्यटकको थकान दूर गर्ने गन्तव्यको रूपमा रहेको लसकुस रेष्टुरेन्टमा विशेषत चिनियाँ, भारतीय तथा नेपाली कन्टिनेन्टल खानेकुरा नै पाइने गरेको छ ।

त्यसको अलावा बेकरीको बेग्लै मज्जा लिन पाइने डिपार्ट पनि छुट्याइएको छ । यहाँ कार्यरत नेपाली बेकरले तातातातै उत्पादन गरेका बेकरीका बेग्लै मज्जा लिन पाइने भएबाट विदेशीदेखि स्वदेशी पर्यटकहरु दंग पर्ने गरेको दाबी म्यानेजर श्रेष्ठको छ । जापान, कुवेत, बर्मिङ्ग देखि अमेरिकासम्म होटल लाइनमा दसौं वर्ष काम गरेर नेपाल फर्केर लसकुसलाई सम्हाल्न थालेका श्रेष्ठको भनाइमा पाहुनालाई भगवानसरह सक्दो सत्कार गर्न सक्नु नै कुनै पनि होटलको सफलता हो ।

होटलमा पर्यटकहरूको बसाइ लम्ब्याउनका लागि रेष्टुरेन्ट अत्यन्त आवश्यकीय कुरा हो । मदिराप्रेमी पर्यटकहरूको रूचिलाई मध्यनजर गरेर लसकुसमा वाइन बारलाई बेग्लै डिपार्टको रूपमा पनि प्रस्तुत गरिएको छ । कुकदेखि वेटरसम्म सबै नेपाली नै रहेको यस रेष्टुरेन्ट काठमाडौं गेष्ट हाउसको पहिचान नै हो । यस पहिचानलाई उच्च बनाउन यहाँ कार्यरत १४ जना कर्मचारी क्रियाशील रहेको म्यानेजर श्रेष्ठले बताएका छन् ।



# जुङ्गु फ्लेवरमा मेघा हिरोको चिनियाँ स्वाद

खाजामा नेवारी खाजाको लोकप्रियता जस्तै खानामा चिनियाँ खानाको केही वर्षयता नेपालमा लोकप्रियता बढिरहेको छ । यसले गर्दा पनि चिनियाँ खाना खानको लागि नेपालीहरु पनि खोजी-खोजी चिनियाँ रेष्टुरेन्ट जाने गरेको पछिल्लो पुस्ताका लोकप्रिय नायक रेमनदास श्रेष्ठको भनाइ छ । नायक श्रेष्ठ आफै पनि रेष्टुरेन्ट सञ्चालक हुन् । विगत पाँच वर्षदेखि नायिका नम्रता श्रेष्ठसँगको साझेदारीमा काठमाडौंको लाजिम्पाटस्थित उत्तर ढोकामा एटिक रेष्टुरेन्ट सञ्चालन गर्दै आएका उनी बेला-बखत स्वाद फेर्नको लागि चिनियाँ रेष्टुरेन्ट जाने गरेको बताउँछन् ।

'मेघा'लगायतका विभिन्न चलचित्रमा नायिका नम्रता श्रेष्ठको जोडी बनेका रेमनदास प्रसिद्ध अभिनेता मदनदास श्रेष्ठका एक मात्र सुपुत्र हुन् । पिताजस्तै रेडियो अभिनयदेखि कार्यक्रम प्रस्तोता समेत रहेका रेमनदास रेडियो कान्तिपुरमा कार्यरत छन् । यिनै रेमनदास अप्रिल महिनाको अन्तिम हप्ताको शुक्रबार काठमाडौंको कमलादीस्थित जुङ्गु फ्लेवर रेष्टुरेन्टमा हट नेपाल टिमसँग लन्च खाइरहेका थिए । काठमाडौंमा रहेका चिनियाँ रेष्टुरेन्टहरूमध्ये दरबारमार्ग नजिक रहेको जुङ्गु फ्लेवरमा स्वाद फेर्नको लागि चिनियाँ खाना खान आउने गरेको उनले सुनाए ।

चिनियाँ खाना खान अत्यन्त रूचि राख्ने रेमनदास प्रायः साथीहरूसँग चिनियाँ रेष्टुरेन्ट आउने गरेको बताउँदै थिए । जुङ्गु फ्लेवरमा विशेषतः चीनको सिचुवान प्रान्तको टिमुर मिसाएको मनै रमाउने चिनियाँ खाना



तस्वीर : आशाकाजी महर्जन







भएकोले ती खाना प्रायः अलि–अलि गरेर सबै अर्डर गर्दै चाख्दै गरेका उनलाई माछा चेवा सुप नयाँ परिकार लाग्यो । खसीको मासु झ्याङ्लो र बंगुरको खुट्टाको अचार पनि गजबकै रहेको उनको ठहर छ ।

सन् २०१३ को नोभेम्बर महिनाबाट संचालनमा आएको जुङ्गु फ्लेवर रेष्टुरेन्टमा चीनको सिचुवान प्रान्तको अलावा ह्योङ्खा प्रान्तका खाना पनि बन्ने भएकोले अन्य चिनियाँ रेष्टुरेन्टमा भन्दा चिनियाँ पर्यटकहरुको बाक्लो उपस्थिति देखिने गरेको छ । दरबारमार्ग नजिक कमलादी रोडस्थित हाल चल्तीमा रहेको राइजिङ्ग मलस्थित जुङ्गु फ्लेवर रेष्टुरेन्टमा ३ जना चिनियाँ कुक सहित १४ नेपाली कार्यरत रहेका छन् । यो रेष्टुरेन्टमा चिनियाँ खाना खानका लागि रोजाइ अनुसारको चिनियाँ खाना खानको लागि जोडीले पकेटमा नगद १ हजारदेखि २ हजारसम्म बोकेर गए पुग्छ ।









सम्पर्क : राइजिङ मल, कमलादी
फोन : ०१–४१६९१८८
एक जोडीका लागि औसत खर्च : रू. २,००० ।–

# राजेश हमालको बिहेको रहस्य

नेपाली चलचित्रका महानायक राजेश हमाल बाध्यताले वैवाहिक जीवनमा प्रवेश गरेका छन् । वैशाख ३१ गते आयोजित विवाहको औपचारिक घोषणा कार्यक्रममा हमाल त्यति खुलेको पाइएन । हमालकी प्रेमिका मधु भट्टराईको प्रेससँग कुराकानी गर्ने मनसाय देखिए पनि प्रेससँग खुल्न नदिने हमालको चाहनाबमोजिम उनी खुल्न पाइनन् । हमालको स्वकीय सचिव रोशन हमालले उनीसँग कुरा गर्ने मौका नै दिएनन् ।

त्यसको अलावा फोटो-पत्रकारहरूलाई मधुको सिंगल फोटो खिच्ने मौकासमेत दिइएन । सिंगल फोटो खिच्न खोज्ने फोटोपत्रकारलाई छेक्नेलगायतका क्रियाकलाप हमालका स्वकीय सचिवले गरेकाले हमालपत्नीलाई बढी सार्वजनिक गर्न चाहँदैनन् भन्ने स्पष्ट भएको छ । नौ वर्षदेखिको मधुसँगको प्रेम-रोमान्सलाई लुकाउँदै आएका हमाल तामझामसहित त्यसरी सार्वजनिक नै हुन खोजिरहेका थिएनन् ।

हमालका निकटवर्ती मित्र चलचित्र मुक्तिदाताका निर्माता राजेन्द्र ठकुरी तथा गायक राजेशपायल राईको जोड र मधुकै करले अत्यन्त सीमित पत्रकारबीच हमालले मधुलाई सार्वजनिक गरेर आमाको पुर्ख्यौली चिनो गहना लगाइदिएर पत्नी स्वीकार गरेका थिए । औपचारिक विवाह घोषणापश्चात नायक राजेश हमालले हट नेपालसँगको संक्षिप्त प्रतिक्रियामा मधु हाललाई गृहिणीकै रूपमा बस्ने र हनिमुनको टुंगो लगाइनसकेको तथा जहाँ पुगिन्छ, त्यहीं हनिमुन हुने बताए ।

मे महिनाको २८ तारिखको दिन नौ वर्ष अगाडि मधुसँग हमालको भेट होटल न्याडिसनमा भएको थियो । तत्कालीन मोडलसमेत रहेकी मधुसँगको भेटको त्यो क्षणलाई ताजगी राख्न बिहेको रिफ्रेसमेन्ट पार्टी हुने भएकोले त्यस दिनलाई वास्तविक बिहे मानिने भएको छ । यद्यपि, हमालका अमेरिकास्थित दिदी-भिनाजुहरू नेपाल आइनसकेकाले औपचारिक विवाह भने अझै भइसकेको छैन । यद्यपि, हमाल र मधु वैशाख ३१ गतेबाटै एकसाथ बस्न थालिसकेको बताइएको छ । सोही दिनबाट दुवै पति-पत्नी बनिसकेका छन् ।

हमाल निकटवर्ती राजेन्द्र ठकुरी त हमालले राम्रो शिल-स्वभावकी दुलही पाएको र हमाललाई अत्यन्त माया गर्ने मधुको व्यवहारबाट आफू निकै प्रभावित भएको बताउँछन् । 'एउटी पत्नीमा हुनुपर्ने सम्पूर्ण गुण मधुमा भएकोले मलाई त राजेश हमालको च्वाइस मन पर्‍यो', हट



तस्वीर : दीपेशराज शाक्य

## मोतिलाललाई मिथिलाको साथ



बढ्दो उमेरमा पुगेकी शालीन अभिनेत्री मिथिला शर्माको पनि अब बिहे हुने भएको छ । उमेरले पचास नाघिसकेकी सदाबहार अभिनेत्री शर्माले ७४ वर्षका पूर्व प्रहरी महानिरीक्षक मोतिलाल बोहरासँग बिहे गर्ने निर्णय गरेर सबैलाई चकित पारिदिएकी छन् ।

अभिनेत्री शर्माले यो वर्षको कुनै महिनामा उपयुक्त साइत निकालेर बोहरासँग बिहे गर्ने खुलासा गरिसकेकी छन् । अभिनेत्री शर्मा महेन्द्र पुलिस क्लबस्थित प्रहरी सेवामा रहँदा बोहरा त्यो बेला प्रहरी इन्सपेक्टर थिए । दुवैबीच त्यो बेलादेखि राम्रो सम्बन्ध कायम थियो ।

बोहरा विवाहित भएको थाहा भएपछि पछि हटेकी शर्माले त्यसपछि कहिले पनि बिहेको बारेमा सोच राखिनन् । व्यापक पारिवारिक प्रेसरका बाबजुद स्थिर बनेकी शर्मालाई गत वर्ष पत्नीको निधनबाट एक्लो बनेका बोहराले 'मलाई अब राम्रो साथीको रूपमा साथ दिन्छौ त मिठू' भनेपछि उनले नाइँ नै भन्न सकिनन् । 'एक हप्ता त एस र नो भन्ने जवाफ दिन नै लाग्यो । अन्ततः म उहाँको प्रेममा हारें र एस भनें', अभिनेत्री शर्माले भनेकी छन् ।

नेपालसँग ठकुरीले भने । बिहे घोषणा कार्यक्रममा हमाल परिवारको खासै सक्रियता नदेखिएको अवस्थामा राजेन्द्र ठकुरीले नै परिवारको प्रतिनिधित्व गरेर सक्रियता देखाएका थिए ।

## बिहे रहर होइन कर

राजेश हमालले बिहेको कुरामा आनाकानी गरिरहे पनि प्रेमिकाको जोडमा बिहे पक्का भएको हो । विगत एक वर्षदेखि बिहेको नाममा डेट सार्दै आएका हमाल प्रेमिका मधु भट्टराईको कर-बलमा हार खाएको बताइएको छ । मधुको करमा हमालले वैशाख ३१ गतेको साइतमा बिहे घोषणा गरेका हुन् । हमाल त यो गर्मी याममा बिहे गर्ने मुडमा नै नरहेको तर प्रेमिकाको अगाडि हार खान बाध्य बने ।

हमालको योजना जाडो याममा बिहे गर्ने थियो । त्यसका लागि मंसीर या माघ उपयुक्त महिनाको साइत खोजिरहेका उनी जेठ महिनामा नै बिहे गर्न बाध्य बनेका छन् । हतारमा तयारी गर्नुपरेकोले सामान्य ढंगबाट बिहे सम्पन्न गर्न लागेको बताउँदै हमाल भन्छन्- 'प्रेमिकाको अगाडि हिटलरले त हार खानु पर्‍यो भने म त सामान्य मान्छे हुँ । हार खानु स्वाभाविक हो । अर्कोतर्फ यो माया तथा प्रेममा हारजीतको सवाल नै हुँदैन ।'

उमेरले ५५ कट्न लागिसकेका हमालले गोप्य रूपमा विराटनगरकी २८ वर्षीया मधु भट्टराईसँग प्रेम-रोमान्स गर्दै आएका थिए । जुन कुरा हमालको परिवारभित्र पनि कतिलाई थाहै थिएन । रसियन प्रेमिकासँगको असफल प्रेमपश्चात बिहे भन्ने कुराबाट टाढा हुँदै आएका हमाललाई मन पराउने नेपाली फिल्मका नायिकाहरू पनि एकसे एक थिए ।

विवाहिता भए पनि नायिका करिश्मा मानन्धर हमालसँग धेरैपल्ट नजिकिने प्रयास गरेकी थिइन् । अमृत लामा निर्मित चलचित्र तालको मुस्ताङमा सुटिङताका करिश्माले प्रस्ताव राख्ने कोसिस पनि गरेकी थिइन् । एकसाथ त्यहाँ आयोजित पल डान्समा हमालसँग अधर जोडेर डान्स गर्ने प्रयास पनि गरेकी थिइन् । हमालकै असहमतिले करिश्माको योजना सफल हुन सकेन । यसले गर्दा कैयन दिन करिश्मा र हमालको बोलचाल समेत भएको थिएन । अर्की नायिका जल शाह पनि हमालसँग पहिलो फिल्म अवतार खेलेदेखि आकर्षित बनेकी थिइन् । जलले मन पराएको थाहा पाएर पनि हमालले थाहा नपाएजस्तो गरी बेवास्ता गर्दै आएका थिए ।

त्यसैगरेर, हमालको हिट फिल्म देवताकी नायिका सिर्जना बस्नेतको रोजाइको हिरो हमाल नै थिए । हमालले सिर्जनाको चाहनालाई पनि लात मारेपछि निर्माता बिजु रंजितसँग बिहे गरेको कसैबाट छिपेको छैन । पछिल्लो समय चर्चित लोकदोहरी गायिका कोमल ओलीसँग चलचित्र राजनीतिमा एकसाथ अभिनय गरेका हमालको नाम ओलीसँग पनि जोडिएको थियो । उमेरको हकमा ४५ प्लस भैसकेकी ओली र हमालबीच बिहे हुन सक्ने संभावनाको आँकलन पनि भएको थियो ।

चलचित्र राजनीतिको प्रमोसनको समयमा दुवै देश दौडाहामा एकसाथ पनि पुगेका थिए । यसको आधारमा गायिका कोमल ओलीले हमालसँग कुनै पनि हालतमा केमिष्ट्री नै नमिलेको र केमिष्ट्री नै नमिलेको मान्छेसँग बिहे त ओह..नो नै भनेर हट नेपालसँगको कुराकानीमा भनेकी थिइन् । धेरैजनासँग विभिन्न किसिमले नाम जोडिए पनि हमालको नाम मधुको जिन्दगीसँग ढुंगामा लेखिएको अक्षर जस्तै अब कोरिने भएको छ ।

लामो प्रतीक्षापश्चात् राजेशले अब मधुको रंगाउनेमा शंका छैन । तामझामका साथ बिहे होला भन्ने कुनैबेला सोचमा रहेकी मधु दुवैको सल्लाह अनि सहमतिमा अब त्यस्तो नगर्ने पक्षमा पुगिसकेकी छन् । सामान्य ढंगबाट बाजा पनि नबजाएर बिहे गर्ने पक्षमा दुवै रहेका छन् । सामान्य ढंगबाट थोरै सेलेक्टेडहरूलाई मात्र रिफ्रेसमेन्ट पार्टी दिने तयारीमा पनि उनीहरु रहेका छन् ।

● स्मृत

# छविले अर्की रेखा जन्माए



नायिका रेखा थापाले २०७१ साल वैशाख १९ गतेको फेसबुक स्टाट्समा चलचित्र निर्माता आफ्ना पूर्वपति छवि ओझालाई मानसिक सन्तुलन गुमाएको मान्छे भनेर तल्लो श्रेणीमा उत्रिएर गाली गरेकी छन् । दुवैबीचको यसप्रकारको आरोप-प्रत्यारोप मिडियामा सार्वजनिक हुनुको पछाडि प्रमुखतया छविले हाल निर्माण गर्न लागेको चलचित्र सुन्तली-हवल्दारमा खेल्न रेखा थापाले अस्वीकार गरेकोले नै हो । सोही रिसले सेलाइसकेको कुरालाई छविले मिडियामा ओकलेपछि रेखाले पनि फेसबुकबाट त्यसरी ओकलेकी हुन् ।

रेखाको रिस मार्न छविले रेखाको अनुहारकै झल्को दिने शिल्पा पोखरेललाई अघि सारेका छन् । रेखाले नाइँ भनेको चलचित्र सुन्तली हवल्दारमा शिल्पालाई ब्रेक दिइएको छ । नेपाल प्रहरीमा कार्यरत सुन्तली धामीको वास्तविक कथामा निर्माण हुन लागेको उक्त फिल्म निर्माण गर्न प्रहरी प्रशासन र सुन्तली धामीसँग अनुमति लिइसकेको जनाइएको छ । प्रहरीको घेरामा सहकर्मी प्रहरीबाटै बलात्कृत बनेकी सुन्तली धामीको यथार्थ कथामा बन्न लागेको उक्त चलचित्रमा खेल्नुपूर्व शिल्पाले सुन्तली धामीसँग पनि भेट गरिसकेको बताइएको छ । रेखाकै अनुहारसँग मिल्ने शिल्पाको नेपाली चलचित्रमा प्रवेशबाट रेखाको जग हल्लिने निश्चित भएको छवि पक्षले भने पनि रेखाले आफ्नो शरीरको कुनै रौं पनि नहल्लिने प्रतिक्रिया दिएकी छन् ।



# चिनियाँ चपस्टिक्स

चेतनाथ आचार्य

चिनियाँहरू खानका लागि काँटा अथवा चम्चा प्रयोग गर्दैनन् । अधिकांश खानेकुरामा उनीहरू चपस्टिक्स प्रयोग गर्छन् । झोल पदार्थ सुप खानका लागि मात्र चम्चा प्रयोग हुन्छ । पश्चिमा मुलुकका मान्छेहरू चिनियाँले चपस्टिक्सले खाएको देख्ता अचम्म मान्छन् । चीन भ्रमण गर्नेहरूले पनि आश्चर्य मान्छन् किनभने अधिकांश रेष्टुरेन्टमा काँटा र चम्चा हुँदैन । चिनियाँ सुप खानका लागि सेरामिक अथवा प्लास्टिकबाट बनेको छोटो र गहिरो चम्चा हुन्छ, जसको प्रयोगले बानी नभएकालाई चाउमिन, थुक्पा अथवा भात खान निकै अप्ठेरो हुन्छ ।

जसरी अरूलाई चपस्टिक्स चलाउन गाह्रो हुन्छ त्यसैगरी चिनियाँलाई काँटाचम्चा चलाउन गाह्रो हुन्छ । चिनियाँहरू सानासाना भातका सिता पनि सजिलैसँग चपस्टिक्सले टिप्न सक्छन् । चिनियाँहरू तोरीको दानालाई पनि चपस्टिक्सले टपाटप टिप्न सक्छन् भन्ने भनाइ नै रहेको छ ।

सन् २००८ मा चीनमा सम्पन्न २९ औँ गृष्मकालीन ओलम्पिक खेलकूद प्रतियोगिताले चीनमा मूलभूत रूपमा दुईवटा कुरामा परिवर्तन ल्याइदियो । विशेषगरी राजधानी बेइजिङका अधिकांश रेष्टुरेन्टमा काँटाचम्चाको व्यवस्थासँगै अंग्रेजी भाषामा लेखिएका मेनु थपिए । विदेशी पाहुनालाई अप्ठेरो पर्न सक्ने संभावनालाई ध्यानमा राखेर यसो गरिएको थियो । तर यो व्यवस्था केही ठूला र महत्वपूर्ण होटल तथा रेष्टुरेन्टहरूमा मात्र थियो । अहिले पनि चीनका अधिकांश होटल र रेष्टुरेन्टहरूमा काँटा चम्चा पाइँदैन । होटल र रेष्टुरेन्टदेखि हरेक चिनियाँहरूको घरमा चपस्टिक्स राखिएको हुन्छ । चिनियाँहरूले खानका लागि प्रयोग गर्ने चपस्टिक्ससँग लामो चिनियाँ संस्कृति जोडिएको छ ।

चीनमा इसापूर्व १७६६ देखि १२२२ सम्म शाङ वंशको समयमा खुला आगोमा कुनै कुरा पोल्नका लागि त्यो खानेकुरालाई घोच्न अथवा उन्न झिरहरु बनाइएका हुन्थे । चिनियाँ पाककलामा प्रयोग हुने तीनै झिरलाई सानो र छरितो बनाएर खानका लागि सहयोगी बस्तु बनाइयो, जसलाई चपस्टिक्स भन्न थालियो ।

चपस्टिकको प्रयोगले बालबालिकाको दिमागको विकास चाँडो हुने विश्वास चीनमा रहेको छ । काँटाचम्चा चलाउनभन्दा चपस्टिक्स चलाउनमा मूलभूत रूपमा के फरक छ भने चपस्टिक्स चलाउँदा बढी ध्यान दिनुपर्छ र दिमागलाई पनि त्यतै केन्द्रित गर्नु पर्छ त्यसकारण बालबालिकाहरूले जति चाँडो चपस्टिक्स चलाउन जान्दछन् उति चाँडो उनीहरूको दिमागको विकास हुन्छ र चाँडै पेन्सिल समाएर लेख्न पनि जान्दछन् ।

चीनबाट सुरू भएको चपस्टिक्स कोरिया, जापान, भियतनाम, मलेसिया, इन्डोनेसिया, लगायतका पूर्वी एसियाली राष्ट्रहरूमा प्रयोग हुन थाल्यो । सामान्यतः चपस्टिक्स बाँस, प्लास्टिक, काठ र स्टिलबाट बनाइन्छ । तर यसबाहेक सेरामिक, चाँदी, हात्तीको दाँत र बहुमूल्य धातुबाट पनि चपस्टिक बनेका हुन्छन् । यसप्रकारका महङ्गा चपस्टिक्स चाहिँ खाना खानभन्दा सजाएर राख्नमा प्रयोग हुन्छन् । चपस्टिक्सलाई चिनियाँ भाषामा ख्वाइच भनिन्छ । ख्वाइको चाँडो भन्ने अर्थ लाग्छ । अनि अंग्रेजी भाषामा प्रयोग हुने चपस्टिक्स पनि चपचप शब्दबाट आएको हो । अंग्रेजी भाषामा पनि चपचप भनेको छिटोछिटो भन्ने बुझिन्छ । अंग्रेजी भाषामा चपस्टिक मात्र नभनेर चपस्टिक्स भन्नुको कारण चाहिँ एउटा मात्र प्रयोग गर्न सकिँदैन । खानालाई च्यापेर खानुपर्ने भएकाले सधैं जोडीका रूपमा प्रयोग गरिने भएकाले बहुवचनमा प्रयोग हुने गरेको हो ।

बूढी औँला, चोर औँला र माझी औँलाको टुप्पोले च्यापेर चपस्टिक्स चलाइन्छ । हातमा समाइएका चपस्टिक्समध्ये तलपट्टिको चपस्टिक स्थिर रहन्छ भने माथिको चपस्टिक चलायमान रहन्छ । माथिल्लो चपस्टिकलाई हातले पेन्सिल समाएजसरी समाउने गरिन्छ । चपस्टिकको मुख्य काम खाना खाने र खानालाई मुख्य भाँडोबाट आफ्नो प्लेटमा ल्याउने काम गर्छ । यसका साथै खानालाई टुक्रा बनाउने अथवा आफूलाई खान सजिलो आकारमा परिणत गर्न पनि चपस्टिक्स प्रयोग

# यसरी चलाऔं चपस्टिक्स



- चपस्टिक्सले प्लेट अथवा कपमा हिर्काएर आवाज दिनुलाई नराम्रो अथवा अशिष्ट मानिन्छ । माग्न बसेको व्यक्तिले अरूको ध्यान खिच्नलाई यसो गर्ने गर्छ ।
- खाने कुरालाई चपस्टिकले घोच्नु अथवा हिर्काउनुलाई पनि अशिष्ट मानिन्छ ।
- आफूले चलाएको अथवा प्रयोग गरेको चपस्टिक अरूको छेउमा अथवा अर्को व्यक्ति बसेको अगाडि राख्नु हुँदैन ।
- खानेकुरामा गाडेर ठाडो पारी चपस्टिक राखिँदैन । मरिसकेका व्यक्तिलाई खान दिंदा मात्र यसो गरिन्छ भन्ने मान्यता छ । त्यसैगरी खानाको प्लेटमाथि चपस्टिक्सलाई क्रस बनाएर पनि राखिँदैन ।
- सामान्यत चिनियाँ बालबालिकाले तीनचार वर्षको उमेरदेखि नै चपस्टिक्स चलाउन जान्दछन् । यदि छ सात वर्ष पुग्दा पनि राम्ररी चपस्टिक चलाउन जानेनन् भने उनीहरूलाई अभिभावकले राम्ररी सिकाएका छैनन् भन्ने बुझिन्छ । तसर्थ चपस्टिक्स चलाउन जान्ने र नजान्ने कुराले परिवार र कूलको इज्जत र प्रतिष्ठा दर्शाउँछ ।
- खाना खान बसेपछि पहिले आफूभन्दा ठूलाले चपस्टिक प्रयोग गर्न थालेपछि मात्र कनिष्टले गर्न राम्रो मानिन्छ ।
- चपस्टिक्सले खानाभित्र केही छ कि भनेर उधिनेर खोज्ने कामलाई सबैभन्दा दरिद्र संस्कृति मानिन्छ । यसो गर्नु भनेको चिहान खन्नु बराबर हो भन्ने भनाइ रहेको छ ।
- चपस्टिक्सलाई प्लेटमाथि राखिएको छ भने म अघाएँ भन्ने बुझिन्छ । प्लेटको दाहिनेपट्टि राखिएको छ भने खाँदाखाँदै केही बेर बिसाएको भन्ने अर्थ लाग्छ ।
- चपस्टिक्स चपाउने अथवा मुखमा लामो समयसम्म राख्नुलाई अशोभनीय मानिन्छ ।
- झोल राखिएको बोलमा चपस्टिक डुबाउनु हुँदैन ।
- कुनै पनि खानेकुरा चपस्टिक्सबाट चपस्टिकमै सार्नलाई पनि राम्रो मानिदैन ।
- चपस्टिक आफ्नो अगाडि सीधा बनाएर राख्नुपर्छ, देब्रेबाट दाहिने अथवा दाहिनेबाट देब्रेतिर तेर्स्याएर राख्नु हुँदैन ।

हुन्छ । होटल, रेष्टुरेन्ट, भान्सा अथवा खाना खाने टेबुलमा सधैं चपस्टिक्सलाई दाहिनेपट्टि सँगै मिलाएर राख्नुपर्छ । चीनमा खाना खाने अधिकांश थालीहरूको एक छेउमा कुलेसो जस्तो बनाएर चपस्टिक्स राख्ने स्थान निर्धारण गरिएको हुन्छ ।

आफूले जुन हात राम्ररी चलाइन्छ त्यही हातले चपस्टिक चलाउने प्रचलन छ । त्यसरकाण धेरै व्यक्तिले दाहिने हात चलाउने हुनाले चपस्टिक पनि दाहिने हातले नै चलाउने गर्छन् ।



तर अपवादका रूपमा कोही व्यक्ति लेख्ने लगायतका काम दाहिने हातले गरे पनि चपस्टिक देब्रे हातले चलाउने पनि गर्छन् ।

सामान्यतः चपस्टिक्सको लम्बाइ २५ सेन्टिमिटर अर्थात् १० इन्च हुन्छ । गोलो अथवा समाउनेतिर चेप्टो आकारको भए पनि खाना च्याप्ने टुप्पोतिर चपस्टिकको आकार समाउनेतिरभन्दा सानो र गोलाकार हुन्छ । चलाउनका लागि सबैभन्दा सजिलो बाँस र काठबाट बनेको चपस्टिक्स हो । प्लास्टिक तथा सेरामिकबाट बनेको चपस्टिक्स चिप्लो हुने भएकाले खाना च्याप्न अलिक गाह्रो हुन्छ ।

चीनमा प्रतिवर्ष ४५ अर्ब जोडी चपस्टिक्स एकपटक खाना खाएपछि फ्याक्ने (डिस्पोजेवल) गरिन्छ । यसरी एक वर्षमा नस्ट गरिने चपस्टिकलाई जोड्ने हो भने १६ लाख ६० हजार घनमिटरको काठ बन्छ । अथवा वयस्क २ करोड ५० लाखवटा रूखको संख्या जति हुन्छ । सन् २००६ देखि चीनले प्राकृतिक सम्पदाको संरक्षण गर्दै नस्ट गरिने चपस्टिक्सको प्रयोगमा कमी ल्याउनका लागि चपस्टिक्समा लगाउँदै आएको करमा पाँच प्रतिशतले वृद्धि गरेको छ । चीनको यो नीतिले चीनमा मात्र नभई जापानमा पनि गम्भीर असर पार्‍यो किनभने जापानमा त्यस्ता डिस्पोजेबल चपस्टिक्स ९० प्रतिशत चीनबाट निर्यात हुने गरेको छ । तसर्थ पछिल्लो समयमा प्लास्टिकबाट बनेका अथवा बाँस र काठबाटै बनेका तर बहुप्रयोग गर्न सकिने चपस्टिक्सको प्रयोग बढ्न थालेको छ ।

चिनियाँ प्रचलन अनुसार परिवारका सबै सदस्य र नजिकका आफन्त तथा पाहुनाहरूले एउटै प्लेटबाट चपस्टिक्सले झिक्दै खाना खाइन्छ । खाना राखेको बोल एउटै भए पनि हरेक व्यक्तिका लागि छुट्टै प्लेट र चपस्टिक्स छुट्टाछुट्टै हुन्छन् ।

चिनियाँ चलन अनुसार कुनै औपचारिक समारोहको भोज छ भने बसाइको क्रम पनि उच्च तहबाट गरिएको हुन्छ । कुनै विदेशी उच्च तहको पाहुनाका लागि अथवा उच्च व्यक्तिको स्वागतका लागि बीच भागको पूर्व अथवा मुख्य प्रवेशद्वारतिर फर्किएको स्थान ती उच्च पाहुनालाई छुट्याइएको हुन्छ । त्यसपछिका पाहुनाको तह अनुसार मुख्य कुर्सीको आसपासमा मिलाइएको हुन्छ । मुख्य आयोजकले चपस्टिक्स प्रयोग गरेपछि मात्र अरूले चपस्टिक्स प्रयोग गर्नपर्छ ।

chetnath@ymail.com

*लेखक चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सी.आर.आई.) नेपाली सेवा, बेइजिङमा विदेशी विशेषज्ञका रूपमा कार्यरत छन् ।*



# नेपाली अनाथ बालबालिकाको सेवामा चिनियाँ युवती

हु ची चीनको दक्षिण-पश्चिम क्षेत्रमा पर्ने छन तुबाट आएकी सामान्य महिला हुन् । उनी नेपालको काठमाडौंमा खोलिएका सयौं अनाथालयमध्येको एक शेरछाङ् अनाथ आश्रममा स्वयंसेवकको रूपमा केही दिन बसिन् । हु चीको छन तुबाट नेपाल आउनुको पूर्व उद्देश्य यहाँ स्वयंसेवक भएर बस्ने भने होइन । उनी बाह्र दिने ध्यान कक्षा सकेपछि फर्केर वसन्त चाड मनाउने योजनामा थिइन् । तर यो अनाथालयमा एक दिन बसेपछि उनको वसन्त चाडसम्बन्धी योजना परिवर्तन भएको छ ।

हु चीको सम्झनाअनुसार सन् २०१३ को अन्तिम दिन, राती उनी काठमाडौं पुगिन् । हरेक दिन लामो समय लोडसेडिङ हुने काठमाडौं अन्धकारमय थियो । तर शेरछाङ् अनाथ आश्रमका बालबालिकाको उत्साहले उनको मनलाई उज्यालो पार्‍यो ।

दुई जना केटी आएर भन्छन्- हामीसँग आउनुहोस् । सबैले तपाईंलाई चिन्ने छन् । तपाईं आउनुपर्छ । हामी सँगै खाना खान जाऔं । तपाईं हामीसँगै खानुहोस् । तपाईंका लागि खाना तयार भइसकेको छ । त्यसैले उनीहरु दुई जनाको साथमा म भोजनालय गएँ । भोजनालय प्रवेश गरेसँगै सबैले मलाई 'नी हाउ' भने । त्यो सजिलो चिनियाँ शब्द उनीहरूलाई बोल्न आउँछ ।

एक जनाले हु चीलाई अनाथालयमा बस्न आग्रह गरे । तर चिनियाँ वसन्त चाडको चिन्ताको कारणले हु चीले उनको आग्रहलाई पहिला स्विकारिनन् । तर बालकले उनलाई पटक पटक यहीँ बस्नुहोस् भन्छन् । अनि पछि हु चीले बालबालिकासँग बस्ने निर्णय गर्छिन् र भिषा केन्द्र गएर भिषाको समयावधि बढाउँछिन् ।

शेरछाङ् अनाथ आश्रममा लगभग पचास जना बालबालिका छन् । सबभन्दा सानो ४ वा ५ वर्षका छन् भने सबभन्दा ठूलो १८ वर्षका छन् । हु चीले हरेक पटक उनीहरूको चर्चा गर्दा आफ्नो बालबालिका भन्छिन् । अनाथ आश्रममा कर्मचारी थौरै छन् । बालबालिकाहरु आफैले खाना बनाउनु र लुगा धुनुपर्छ । त्यस वातावरणमा अनाथालयका हरेक सदस्यले आ-आफ्नो कामको जिम्मा लिनुपर्छ । आश्रममा ठूलो बालकले सानो बालकलाई मद्दत र हेरचाह गर्छन् । ठूलोले सानोलाई नुहाइदिने, कपाल काट्ने तथा सफासुग्घर भएर बस्न सहयोग गर्ने गर्छन् । त्यसबाहेक भान्सा सफा गर्ने, खेल्ने ठाउँ सफा गर्नेलगायत रङ्रोङ्गन लगाउने कामको जिम्मा ठूलाले सक्रिय रूपमा लिएका छन् । ठूलाहरूको हेरचाहबाट सानाहरूलाई धेरै सुख र सन्तोष लागेको छ । बालबालिकाले त्यस ठूलो परिवारमा देखाएको माया, आपसी सहयोगले हरेकलाई आफ्नै परिवारको रूपमा बाँधेको छ । बालबालिकाले हु चीलाई दिदी बनाएका छन् । वसन्त चाडको पूर्वसन्ध्यामा उनीहरूले हु चीका लागि वसन्त चाडसम्बन्धी विशेष समारोहको तयारी पनि गरेका थिए ।

'उनीहरूले मेरो लागि विषेश कार्यक्रम तयार गरेका थिए । त्यो कार्यक्रम धेरै नै भव्य थियो । उनीहरूले जातिय पोशाक लगाएर नाचे, गीत गाए । सामान्यतया उनीहरूको खानामा एउटा मात्र तरकारी हुने गर्छ । तर त्यस दिन तीन किसिमको तरकारी र सुप पनि थियो । साथै त्यस दिन दही पनि थियो । सामान्यता अरू बेला यस्तो हुँदैन', उनले भनेकी छन् ।

बालबालिकाका अनुसार उनीहरूले यस किसिमको कार्यक्रम पहिलो पटक गरेका हुन् । यसअघिका दिनहरूमा कार्यक्रम तयार गर्नका लागि उनीहरु धेरै ढिलोसम्म सुतेका थिए । उनीहरूको सोचाइ धेरै सरल छ- हु ची दिदीलाई खुसी पार्नु हो । हु चीले त्यस कार्यक्रमको सम्झना गर्दै भनिन्- मेरो विचारमा यस पटकको वसन्त चाडले मेरो भित्री मनलाई छोयो । उनीहरूको अभिनय खासै राम्रो होइन तर उनीहरूले त्यस समारोहका लागि धेरै प्रयास गरे । कार्यक्रम हेर्दा मेरो आँखा रसायो । यस पटकको वसन्त चाड समारोहबाहेक सामान्य जीवनका अरू धेरै कुराले पनि हु चीको मनलाई गहन रूपमा छोएको छ ।

फेब्रुअरीमा काठमाण्डौंको रात र दिनको तापमानमा धेरै भिन्नता छ । यसै कारण हु चीलाई रूघाले सताउँछ । त्यस बेला हरेक दिन बालबालिकाले हु चीका लागि अदुवा हालिएको सुप बनाए । त्यस सुपबाट हु चीको रूघा भगाउने कोसिस उनीहरूले गरेका थिए ।

'एक दिनको कुरा हो, म राती धेरै ढिलो फर्के । मेरो कप मेरो कोठाको झ्यालमा राखिएको रहेछ । त्यो कप उचाल्दा धेरै गह्रौं लाग्यो । त्यो मेरो कपलाई मैले भान्सामा राखेको थिएँ । म फर्किनुअघि उनीहरूले अदुवाको सुप बनाएर मेरो कोठाको झ्यालमा राखिदिएका रहेछन् । यो देखेर मलाई निकै नै खुशी लाग्यो । त्यस बेला म निकै रोमाञ्चित भएकी थिएँ', उनको सम्झना ताजै छ ।

सन् २०१४ को भ्यालेन्टाइन दिवस र चिनियाँ युआन स्याउ चाड एकै दिन परेको थियो । हु ची आफ्ना साथीसङ्गीसँगै ठमेल क्षेत्रमा पार्टी गरेर ठमेलमा नै बसिन् । अर्को दिन अनाथालय फर्किंदा एक जना केटा भने उनीसँग रिसाइरहेका थिए । किनभने त्यो केटाले हु चीलाई भ्यालेन्टाइन दिवसको उपहार दिन चाहेको रहेछ र धेरै समय पर्खनुपर्‍यो । हु चीलाई अचम्मको साथै खुसी पनि लाग्यो । केटाको आग्रहमा हु चीले आँखा बन्द गरिन् । आँखा खोल्दा केटाको हातमा उपहार थियो । त्यो उपहार एउटा पुस्तक रहेछ । पुस्तकभित्र केटाले भ्यालेन्टाइन दिवसको शुभकामनासहित 'म तिमीलाई माया गर्छु' भनी लेखेको रहेछ ।

अनाथालयले हु चीलाई धेरै सुखद सम्झना दिएको छ । यहाँ हु चीले सुखको नयाँ अर्थ सिकिन् । अनाथालयमा बसेका बालबालिकाहरु सबै हंसमुख, सक्रिय र खुसी छन् । बालबालिकाहरु सबै निष्कपट तथा सदाचारी छन् र उनीहरूले हरेकलाई माया गर्छन् । उनीहरूको जीवनमा दुःखको छायाँ छैन । उनीहरूले आफ्ना लागि काम तथा सहयोग गर्ने गरेका सबै व्यक्तिलाई सधैँ नै धन्यवाद दिइरहेका हुन्छन् । सधैँ नै भलो चिताइरहेका हुन्छन् । त्यसअघि हु चीलाई उक्त कुरा थाहा थिएन ।

हु चीको सहयोगमा अनाथालयमा रहेका ठूला बालकहरूले केही साधारण काम पनि पाए । हु चीले यी बालबालिकाहरूलाई धेरै नयाँ कुरा सिकाइन् र उनीहरूले पहिलो पटक धेरै नयाँ सरसामान पनि पाए । पहिलो पटक चिनियाँ खाना खाए, पहिलो पटक चिडियाघर घुमे र पहिलो पटक चिनियाँ वसन्त चाड पनि मनाए । हु चीको कारणले बालबालिकाहरूलाई उराठ लागेन । एक्लो लागेन ।

हु ची भन्छिन्- यस पटकको यात्रा धेरै फलदायक भएको छ । चीन फर्केको लामो समय भए पनि मेरो मन अझै नेपालमा बसेको छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*

**अनाथालयले हु चीलाई धेरै सुखद सम्झना दिएको छ। यहाँ हु चीले सुखको नयाँ अर्थ सिकिन् । अनाथालयमा बसेका बालबालिकाहरू सबै हंसमुख, सक्रिय र खुसी छन् । बालबालिकाहरू सबै निष्कपट तथा सदाचारी छन् र उनीहरूले हरेकलाई माया गर्छन् । उनीहरूको जीवनमा दुःखको छायाँ छैन ।**





# तिब्बतमा साहसी यात्रा

चीनको तिब्बत धेरैले अवलोकन गर्न मन पराएको ठाउँ हो । कोही विमानबाट त्यहाँ पुग्छन् भने कोही रेलवेबाट पुग्छन् । अनि कोही आफैं गाडी चलाएर पुग्छन् । तर तिब्बत घुम्ने यस्ता तीनजना बूढा छन्, उनीहरूको औशत उमेर ६० भन्दा माथि छ । उनीहरूले सेवाबाट संन्यास लिएपछिको आनन्द जीवन बिताउनु पर्ने हो तर स छ्वान-तिब्बत राजमार्गबाट साइकल चढेर तिब्बत जाने निर्णय उनीहरूले गरे । उनीहरूले किन यस्तो निर्णय गरे ? अनि बाटोमा केकस्तो समस्या देखियो भन्ने बारेमा छोटो चर्चा गरौं ।

बीस दिनको तयारी गरेपछि उनीहरूको साइकल यात्रा सुरु भयो । छङ तुदेखि ल्हासासम्मको दुई हजार किलोमिटरभन्दा लामो बाटोका लागि उनीहरूले २५ दिनमा यात्रा समाप्त गर्ने निर्णय गरे । स छ्वान-तिब्बत



साइकल टोलीका प्रमुख येच च्येन सिन ।

> हरेक व्यक्तिका लागि आफ्नो सपना हुन्छ र आफूलाई चुनौती लिन पनि मन लागेको हुन्छ । हामी सबै ६० वर्षमाथिका बूढा भयौं । यदि अहिले साइकल यात्रा नगरेमा पछि त अझै बूढो भएर गर्न झन् गाह्रो छ ।

राजमार्गमध्यको ३१८ नं. भाग नै छङ तुङबाट ल्हासा पुग्न जानुपर्ने बाटो हो र यसलाई चीनको सबभन्दा सुन्दर राजमार्गको रूपमा मूल्याङ्कन गरिन्छ । साथै धेरै साइकल चढ्न मन पराउने व्यक्तिका लागि उत्कृष्ट राजमार्ग पनि हो । बाटोमै विशाल तथा सुन्दर दृश्यले मानिसलाई प्रेरणा दिन्छ तर बाटोको जटिल अवस्थाले ठूलो चुनौती पनि दिन्छ । एकदम लामो बाटो, उच्च समुद्र सतहमा लगातार रूपमा यात्रा गर्नुपर्छ, पहाडी बाटोमा चढ्नुपर्छ, खराब मौसम, यत्रा चुनौतीहरु यी बूढाले सामना गर्न सक्छन् त ?

'हिजो हामीले ४ हजार २ सय ९८ मिटर अग्लो चतो पहाड चढ्यौं । आज ४ हजार ४ सय मिटरको काउ अर स पहाड चढ्छौं ।'

यो भनाइ फाङ खोन युआनको हो । साइकल टोलीमा सबभन्दा बूढो सदस्य फाङ खोन युआन हुन् । अहिले ६४ वर्ष उमेर पुगेका फाङ खोन युआनले चार वर्षको साइकल यात्राको अनुभव लिए तर पठारमा यत्रो दूरीसम्म चढेको यो पहिलो पटक हो । अघि त उनले सबभन्दा बढीमा लगातार पाँच छ दिनसम्म चढे । टोली गठन हुँदा तीन सदस्य मात्रै थिए । छङ तु छोडेको पहिलो दिनमा चौथो सदस्य थपिए । छ दिनसम्म चढेर टोली छङ तुभन्दा पाँच सय किलोमिटर टाढाको या च्याङ जिल्लामा पुग्यो र 'साइकल साथीको घर'मा बस्यो । त्यहाँ विशिष्ट तिब्बती शैलीको साना साना बास बस्ने घरहरु छन् । तीनतले होस्टेल जस्ता ती बासस्थानमा जम्मा गरी दश जना साइकल यात्रीलाई खान-पिउन र बस्न उपलब्ध गराइन्छ । होस्टेलको पहिलो तला साइकल पार्किङस्थलको रूपमा बनाइएको छ । तीस वर्गमिटरभन्दा ठूलो



साइकल यात्री बास बसेको ठाउँ अगाडि ।




बास बसेको ठाउँमा पर्खालमा लेखिएका सन्देशहरू ।

क्षेत्रमा विभिन्न साइकल पार्किङ हुन्छ । हलको पर्खाल ग्राफिटी पर्खालले बनेको छ । यात्रीले आ-आफ्नो भावना, इच्छा आदि त्यसमा लेख्छन् र रंग लगाउँछन् । जस्तो भनौं त्यसमा पेन्टिङ गरिएको 'साइकल लिएर हिड्न नहुने' बाट साइकल यात्रीको आत्मविश्वास र दृढता देखिन्छ । तर वास्तवमा चार पाँच हजार मिटर अग्ला पठारमा लगातार रूपमा चढ्नुपर्ने नं. ३१८ राजमार्गको लागि 'साइकल लिएर हिड्न नहुने'लाई व्यवहारमा उतार्न गाह्रो छ ।

'सधैं नै चढ्नु नै पनि हुँदैन । साइकल लिएर हिड्नु पनि हुन्छ । किनभने यदि बाटोमै गाडी धेरै भयो भने साइकल चढ्नु नै जोखिम छ ।'

यो भनाइ चाहिँ येन च्येन सिनको हो । ६१ वर्षको उमेर पुगेका येन च्येन सिन यो साइकल यात्रा कार्यक्रमको आयोजक हुन् साथै टोलीको प्रमुख पनि हुन् । वास्तविक अवस्था हेरी उचित छनौट लिएर सुरक्षित रूपमा ल्हासा पुग्ने उनको लक्ष्य रहेको छ । टोलीको प्रमुख भए पनि साइकल यात्राको अनुभव एक वर्षभन्दा कमको छ । त्यसैले उनले चुनौती स्वीकार गर्दै यो साइकल यात्रा तयारी गरे । येन च्येन सि भन्छन्- 'हरेक व्यक्तिका लागि आफ्नो सपना हुन्छ र आफूलाई चुनौती लिन पनि मन लागेको हुन्छ । हामी सबै ६० वर्षमाथिका बूढा भयौं । यदि अहिले साइकल यात्रा नगरेमा पछि त अझै बूढो भएर गर्न झन् गाह्रो छ ।'

तर फाङ खोन युआनको विचार अलि फरक छ । फाङ खोन युआनको विचारमा बाटोमा सुन्दर दृश्यको अवलोकन गर्नु नै उनको परम लक्ष्य रहेको छ । उनी भन्छन्- 'हाम्रो लक्ष्य सामान्य छ, साइकल चढेर स छ्वान-तिब्बत राजमार्गको दृश्य अवलोकन गरेको मात्रै हो ।'

नं ३१८ राजमार्गमा साइकल यात्रा गर्न अत्यन्तै गाह्रो हुन्छ तर टोलीका हरेक सदस्यले पर्याप्त तयारी गरेका थिए । यात्रा सुरू हुनुअघि उनीहरूले इन्टरनेटमा अरूको अनुभव सिकेर पूरै लक्ष्यलाई विभिन्न भागमा बाँडेर लक्ष्य निर्धारण गरेका थिए । यसले गर्दा व्यवहारमा उतार्नका लागि उनीहरूलाई सजिलो पनि भयो ।

तर चुनौतीबारे चर्चा गर्दै स छ्वानमा पिरो कुरा खाने चलन क्वाङ तुङबाट आएका सदस्यहरूका लागि सबभन्दा ठूलो चुनौती भयो । येन च्येन सि भन्छन्- 'अलि अनुकूल रहेन, जस्तै भनौं पिरो कुरा । कहिलेकाहीं मेन्यु अडर गर्दा पिरो नहाल्न भन्न बिर्सौं त्यसैले पिरो कुरा खान बाध्य भयौं ।'

खाने-पिउने कुरामा धेरै अनुकूल रहेन तर यात्रामा पनि धेरै आश्चर्य छन् । बाटोमा भेटेका अरू साइकल यात्री र पर्यटकले उनीहरूसँग फोटो खिच्न धेरै मन पराए । त्यसबाट बूढाहरूलाई धेरै गौरव लाग्यो । येन च्येन सि भन्छन्- 'पहिलो दिन हामीले अरलाङ पहाड चढ्दा धेरै पर्यटकले हामीसँग फोटो खिचाए । उनीहरूले भने- '६० वर्षभन्दा बूढो मान्छेले यस्तो साइकल यात्रा गरेको त निकै अचम्मलाग्दो छ ।'

यस स छ्वान-तिब्बत साइकल यात्राको सबभन्दा ठूलो उपलब्धिबारे चर्चा गर्दै टोलीका प्रमुख येन च्येन सिनले आफूले ठूलो चुनौती जितेको विचार व्यक्त गरे । उनी भन्छन्- 'यो साइकल यात्रा हाम्रो जीवनको एउटा ठूलो चुनौती हो । जीवनभरि पनि हामी यसलाई बिर्सन सक्दैनौं ।'

स छ्वान-तिब्बत साइकल यात्रा समाप्त भएपछि ये च्येन सिनलाई नयाँ चुनौती सामना गर्न मन लागेको छ । उनी सि आन-छिङ हाइ रेशम मार्गको साइकल यात्रा गर्ने तयारी गर्दै छन् । उनीहरूको यो नयाँ चुनौती पनि सफल बनोस् । हामी शुभकामना दिन्छौं ।

*(साभार : सीआरआई नेपाली सेवा)*

# तेल व्यवसायी गायक
# घडीका सौखिन



'गाला रातो गाला रातो' बोलको गीतले सुपरहिट बनेका गायक प्रल्हाद तिमिल्सिनाको नाडीमा ८० हजार पर्ने ब्रान्डेट सुलेक्स घडी बाँधिएको हुन्छ । घडीका अत्यन्त सौखिन उनी नयाँ ब्रान्डका घडी आउनासाथ लगाइहाल्ने प्रकृतिका छन् । प्रल्हादको घडी मोह सानैदेखिको हो । धेरै मोडलका घडी लगाइसकेका उनको आलमारीमा धेरै ब्राण्डका घडीहरूको कलेक्सन रहेका छन् । महंगो घडीमा १४ लाखसम्म पर्ने घडी पनि कलेक्सनमा रहेको सुनाउने उनी पेट्रोलियम व्यवसायी हुन् । पिता सीताराम तिमिल्सिनाले विस्तार गरेको काठमाडौंको कलंकी खसीबजारस्थित सीता फ्युल सेन्टर, कालिमाटीको सीता केयर तथा महाराजगंजको सीता फ्युलको व्यवस्थापनको जिम्मेवारी बहन गर्ने कार्य उनीबाट भइरहेको छ ।

बजारमा पेट्रोलको प्रायः हाहाकार भइरहने भएकोले त्यसको व्यवस्थापनमा बढी नै व्यस्त रहने गरेका प्रल्हाद सकभर आफ्ना पम्पबाट सबैले सहज रूपमा इन्धन वितरण गर्ने कार्यमा कटिबद्ध रहेको बताए । यद्यपि, नेपाल आयल निगमले माग गरेजस्तो तेल आपूर्ति गर्न नसक्दा यसप्रकारको समस्या धेरै आइरहेको बताउने उनी वीरगन्जबाट तेल भित्रिने क्रमबाटै चुहावट भएबाट आयल निगम घाटाको व्यवसाय गर्न बाध्य भइरहेको र तेलमा सरकारले सहुलियत दिने कार्य भएमा महंगाई नबढ्ने उनको ठहर छ । अर्कोतर्फ नेपालको तेल बजारमा नेपाल आयल निगमको एकाधिकार भएकोले पनि प्रायः तेलमा केही तलमाथि पर्नासाथ हाहाकार हुने गरेको छ । त्यसको लागि प्रतिस्पर्धी अर्को तेल कम्पनी अत्यन्त आवश्यक भइसकेको उनको निष्कर्ष छ ।

तेलको व्यापारको अलावा झापामा यो वर्षबाट हाइड्रो कम्पनी पनि पारिवारिक कम्पनीको रूपमा विस्तार भइसकेको बताउने प्रल्हादको गीत गायन सानैदेखिको सौख हो । यो सौखलाई पूरा गर्न लुकीछिपी संघर्ष गर्न बाध्य बनेको त्यो क्षणलाई यतिखेर उनी सम्झिरहेका छन् । कुनै बेला प्रल्हाद सानै हुँदा पिता सीताराम तिमिल्सिनाले लहलहैमा लागेर चलचित्रमा ५० हजार लगानी गरे पनि फिल्मी राजनीतिले नोक्सानीमा परेपछि कला क्षेत्रमा पिताको मोहभंग भएको थियो । यसले गर्दा आफ्ना सन्तान यस क्षेत्रमा भुलेर पनि नलागोस् भन्ने उनको चाहना रहेको छ । त्यसले गर्दा कला क्षेत्रमा आउन चाहेर पनि ढिला भएको बताउने प्रह्लादको पहिलो सांगीतिक एल्बम 'महक' हो । महकका आठैवटा गीत लोकप्रिय रहेका छन् । ती सबै गीतका भिडियो पनि तयार भइसकेको छ ।

एउटै एल्बमका सबै गीतको भिडियो तयार पार्ने पहिलो गायकको रूपमा उनी नै देखिएका छन् । सम्पूर्ण भिडियो सहित महक एल्बमका लागि नगद पचास लाख खर्चेका उनमा खर्च गरेअनुरूप त्यसबाट आउटपुट राम्रो आएकोमा खुशी अवश्य छन् । तर, महक एल्बम बेचेर हालसम्म एक पैसा पनि हात पार्न नसकेकोमा उनको गुनासो पनि छैन । दाम नपाए पनि महकले नाम दिएकोमा उनी खुसी छन् । उनी यो वर्ष दोस्रो एल्बम महक-२ निकाल्ने तयारीमा रहेका छन् । महक-२ का लागि तयार भएको इल्ली-बिल्ली बोलको गीत हाल बजारमा चल्न थालिसकेको छ । एल्बम आउनुअघि नै वसन्त सापकोटाको संगीत र राजेन्द्र थापाको शब्द रहेको उक्त गीतले चर्चा पाउन थालेबाट उनी दंगिएका छन् ।

महकमा जस्तो महक-२ मा बढी खर्च नगर्ने पक्षमा रहेका उनी अनुभवले यो पाठ सिकाएको बताउँछन् । चलचित्र नोटबुकको गाला रातै गाला रातै तथा अर्को चलचित्र कालीको बट् स्लोली स्लोली बोलको गीतले उनलाई यो वर्ष सुपरहिट गायक नै बनाएको छ । छोराका गीतहरु एकपछि अर्को हिट बन्न थालेपछि कला लाइनप्रति नै वितृष्ण बनेका उनका पिता समेत 'प्रल्हाद तिम्रा गीतले त गजब गर्न थालेका छन्' भनेर तारिफ गर्न थालेपछि अझ उनी हौसिएका छन् । यद्यपि, तेल व्यवसायलाई छाडेर चौबीसै घण्टा यसतर्फ नलाग्न पिताजीले दिएको चेतावनीलाई शिरोधार्य गर्दै आएका उनी तेल व्यवसायमा नै बढी जिम्मेवारीपूर्वक लागिरहेको पाइन्छ । त्यसबाट पाइएको फुर्सदमा मात्र सांगीतिक फिल्डमा लाग्ने गरेको पनि उनले बताएका छन् ।



Wide coverage of more than 20 districts from Himal to Terai



- Operating Since 2007
- Cent Percent Yours
- High Technology Transmission

**Our sector of interest:**
- Tourist Guide
- Consumer Guide
- Development Guide
- Entertainment Guide
- News/Information Guide

Coverage beyond border via www.cfmonair.com with 100,000 listeners/visitors.

capitalFM™ 92.4 cent percent yours.....

P.O.Box.11276
Thapagaun, New Baneshwor, Kathmandu
Ph.01-4475345/01-4475346
Email: info@cfmonair.com


Wood Carving Industries Pvt. Ltd.
Patan Industrial Estate, Lagankhel, Lalitpur, Nepal
Tel:977-1-5521447, 5523768 Fax: 977-1-5527730
Email: info@woodcarving.com.np
www.woodcarving.com.np


VIBES CREATION
THE BEST MUSIC VIDEO OF
SITARAM POKHAREL
चर्चित म्युजिक भिडियोहरू
DVD VIDEO



Make each moment memorable
3 DOTTED CONDOMS
D'zire
Make each moment memorable
Marketed by
NEPAL CRS COMPANY

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

# मनोरञ्जन र जीवनशैली विषयको तातो पत्रिका



















**Dream Nepal Publications Pvt. Ltd**
Gongabu, Kathmandu, Ph: 01-4356141
Email: hotdreamnepal@gmail.com